# ममा कसरी स्वर्गदूत, र उहाँको आज्ञा आयो

र भाई सम्भवत...म यहाँ तल धेरै टेप रेकर्डर हरु देख्छु, र तिनीहरुले यो टिप्ने, पक्कै पनि। पवित्र आत्माले तपाईलाई के भन्नुभएको छ भनि तपाई जुनसुकै बेलामा पनि जान्न चाहनुहुन्छ भने, यहाँका यी भाईहरुलाई हेर्नुहोस् जोसंग यी टेप रेकर्डरहरु छन्, तिनीहरुले ठिक पछाडिबाट चलाउनसक्छन्, तपाईले आफ्नो मामिला सहि रूपमा पाउन सक्नुहुन्छ। र ध्यान दिनुहोस् र हेर्नुहोस् कि यदि यसले भनेको जस्तै गरी त्यो हुन्छ कि हुदैन भनेर। जब तपाईले यो उच्चारण गरेको सुन्नुहुन्छ "परमप्रभु यसो भन्नुहुन्छ, 'एउटा निश्चित कुरा, वा *यो यस* तरिकामा छ,'" वा केवल यसलाई जाँच गर्नुहोस् र हेर्नुहोस् कतै त्यो सहि छ या छैन भनि। बुझ्नुभयो? यो सधै त्यहि तरिकामा हुन्छ।

2 अब, थोरै पृष्ठभूमिको लागि...र म एक प्रकारले खुसी छु आजराति कि यहाँ हामी थोरै मात्रै छौ यहाँ। हामी घरका साथिहरु मात्रै हौँ, होइन र? हामीहरु, हामि मध्ये कोहि पनि, अपरिचित छैन। हामी...मैले केवल मेरो केन्टकी व्याकरण प्रयोग गर्नसक्छु र अहिले घरमै रहेको महसूस गर्नसक्छु, किनकि हामीहरु—हामीहरु मात्रै...र म अहिले केन्टकीमा फ्याँकीरहेको छैन, यदि त्यहाँ कोहि यहाँ केन्टकीबाट हुनुहुन्छ भने। केन्टकीबाट यहाँ कोहि हुनुहुन्छ? आफ्नो हात उठाउनुहोस्। भन्नुहोस्! मैले घरमै छु भनि महसूस गर्नुपर्छ, होइन र? त्यो एकदम राम्रो हो।

3 मेरी आमाले बोर्डिङ हाउस चलाउने गर्नुहुन्थ्यो । र म एक दिन केहि जान्नको लागि त्यहाँ गएँ...त्यहाँ एउटा ठूलो समूहको पुरुषहरु आए, र ठूलो, रामो मेचको सेट। र मैले भने, "यहाँ केन्टकीबाट कति जना हुनुहुन्छ, उभिनुहोस्।" सबैजना उठे। र त्यस रात म मण्डलीमा गए, मेरो मण्डलीमा, र मैले भने, "केन्टकीबाट यहाँ कतिजना हुनुहुन्छ?" सबैजना उठे। त्यसैले म भन्थे, "ठिक छ, त्यो एकदम राम्रो हो।"

मिसनरीहरुले एकदम राम्रो काम गर्नुभएको छ, त्यसैले हामी यसको लागि अत्यन्त धन्यवादि छौ।

4 अब, रोमीको पुस्तकमा, ११ औ अध्याय र २८ औ पद। धर्मशास्त्रको पढाईमा अब ध्यान दिएर सुन्नुहोस्।

> *यहूदीहरू सुसमाचार ग्रहण गर्न अस्वीकार गर्छन्, यसकारण तिनीहरू परमेश्वरका शत्रुहरू हुन्: तर तिनीहरू चुनिएका मानिसहरू हुनाको कारण…पिताको खातिरपरमेश्वरले अझ पनि प्रेम गर्नुहुन्छ।*
>
> *किनभने परमेश्वरको वरदान* र बोलावटहरु *चाहि पश्चाताप बिना हो।*

5 हामी प्रार्थना गरौ। प्रभु, आजराति हामीलाई सहायता गर्नुछु अहिले जसै हामी आदरपूर्वक वचनको लागि अघि बढ्छौ, हाम्रो पूर्ण हृदयले, इमानदारीताका साथ, केवल तपाईको महिमाको लागि यी कुराहरु भनिएको छ। र मलाई मद्दत गर्नुहोस्, प्रभु, र मेरो मनमा केवल ती कुरा राखीदिनुहोस् जुन भनिनु पर्दछ र कति भन्नुपर्दछ। तपाईको समय हुँदा मलाई रोक्नुहोस्। म माग्छु कि यस श्रोताहरुमा हरेक हृदयले यी कुराहरु बिरामी र खाँचोमा परेकाहरुको फाईदाको प्राप्त गर्नेछन्। किनकि म येशू ख्रीष्टको नाउँमा माग्दछु। आमेन।

6 अब, म यो विषयमा हामी सानै हुँदाको बेलामा अघि बढ्न चाहन्छु। र—र म तपाईलाई धेरै लामो बेरसम्म नराख्ने प्रयास गर्छु। म मेरो हेरचाह गर्ने यहाँ राख्नेछु र तपाईलाई अब ठिक समयमा बाहिर निस्किन दिने प्रयास गर्छु ताकी तपाई भोलि राति फर्केर आउन सक्नुहुन्छ। अब, प्रार्थनामा रहनुहोस्। मलाई लाग्दैन कि केटाले कार्ड पनि दिन्छ भनि। मैले उसलाई कहिल्यै सोधेको छैन कतै ऊ…र यदि तिनीहरुले दिएका छैनन् भने या चाहे तिनीहरुले देलान् या नदेलान्, यसले फरक पार्दैन। हामीसंग यहाँ कार्डहरु छ यदि हामीले कसैलाई बोलाउन पर्यो भने। त्यसैले, यदि पर्दैन भने, किन, हामी पवित्र आत्माले के भन्नुहुन्छ केवल त्यो हेर्नेछौ।

7 अब, यदि तपाईले ध्यानसंग सुन्नुहुन्छ भने…अब, यो हुनसक्छ…त्यो भएर म…यो यहाँ हामी केहि मात्रै छौ, यो भन्नको लागि यो राम्रो समय

हो, किनकि यो—यो मेरो आफ्नै व्यक्तिगत अस्तित्वसंग सम्बन्धित छ। र त्यहि नै कारणले गर्दा आजराति मैले यो धर्मशास्त्र पढेको छु, कि तपाईले यो देख्न सक्नुभएको होस् कि वरदानहरु र बोलावटहरु कुनै यस्तो कुरा होइन जसको लागि कसैले योग्यता प्राप्त गर्नसक्छ।

8 पावलले बोल्दैछन् यहाँ, भनेका छन्, "यहूदीहरु, सुसमाचारको मामिलामा, अन्धो पारिएका छन् र परमेश्वरबाट टाढा छन्, कि, यो हाम्रै खातिर हो।" तर त्यो भन्दा अगाडिको पदमा, भनेका छन्, "सबै इस्राएलको उद्धार हुनेछ।" सबै इस्राएलको उद्धार हुनेछ। चुनावको अनुसार, परमेश्वर पिताले तिनीहरुलाई प्रेम गर्नुभएको छ र तिनीहरुलाई अन्धो पार्नुभएको छ ताकी हामी अन्यजातिहरुको लागि पश्चतापको निम्ति एउटा ठाउँ हुनसकोस्, कि, अब्राहामद्वारा, उनको सन्तानहरुले उहाँको वचन अनुसार सारा संसारमा आशिषित हुनसकोस्। हेर्नुहोस् परमेश्वरको सार्वभौमता कस्तो छ? उहाँको वचन हुनुनै पर्छ। उहाँ अरू केहि पनि हुनसक्नुहुन्न। र अब हामी, द्वारा...परमेश्वरले हामीलाई चुन्नुभएको छ; उहाँले यहूदीलाई चुन्नुभएको छ; र उहाँ...

9 यी सबैकुराहरु परमेश्वरको पूर्वज्ञान हो। के हुनेछ भनि जब उहाँले तिनीहरुको बारेमा बताउनुभयो, उहाँले यो पूर्वज्ञानले थाहा पाउनुभयो। अब, परमेश्वर, परमेश्वर हुनको लागि, शुरूमा उहाँले अन्त्यको बारेमा जानेको हुनुपर्छ वा उहाँ असिमित परमेश्वर हुनुहुन्थेन। कोहि पनि नाश होस् भन्ने उहाँले चाहनुभएन। निश्चय नै चाहनुहुन्न थियो! उहाँले कोहि पनि नाश होस् भन्ने चाहनुहुन्न थियो। तर दिनको शुरूको शुरूवातमा, कि—कि संसार, परमेश्वरले राम्ररी जान्नुहुन्थ्यो को चाहि बाँच्नेछ र को चाहि बाँच्नेछैन। उहाँले मानिसहरु हराएको चाहनुहुन्न थियो, "कोहि पनि नाश होस् भन्ने उहाँको चाहना थिएन, तर सबैलाई बचाउने उहाँको इच्छा हो," तर उहाँले शुरूबाटै जान्नुहुन्थ्यो को बाँच्नेछ र को बाँच्ने छैन भनि। त्यहि नै कारणले उहाँले भविष्यवाणी गर्न सक्नुहुन्थ्यो, "*यो* कुरा हुनेछ। *त्यो* कुरा हुनेछ," वा "*यो त्यो* हुनेछ। *यो* व्यक्ति *त्यस* तरिकाको हुनेछ।" बुझ्नुभयो?

10 उहाँले यसलाई पहिले नै जान्नुहुन्थ्यो किनभने उहाँ असीम हुनुहुन्छ। यदि तपाईलाई यसको अर्थ के हो थाहा छ भने, त्यो केवल, "उहाँलाई थाहा नभएको त्यहाँ केहि पनि छैन।" बुझ्नुभयो, उहाँलाई थाहा छ। ठिक

छ, त्यहाँ शुरूको समय देखि केहि थिएन, र त्यहाँ समय बाकी नभए पश्चात, बुझ्नुभयो, उहाँलाई अझै पनि सबैकुरा थाहा छ। उहाँको मनमा सबैकुरा छ। र जसरी पावलले रोमीमा भनेका थिए, ८ औ र ९ औ अध्यायमा, “त्यसोभए किन अझै पनि उहाँले गल्ति भेट्नुहुन्छ त?” त्यसैले हामीले त्यो देख्छौ, तर परमेश्वर...

11 सुसमाचार प्रचार गरे जस्तै। कसैले भने, “भाई ब्रन्हाम, के तपाई त्यो विश्वास गर्नुहुन्छ?”

मैले भने, “हेर्नुहोस्।”

भने, “तपाई क्याल्भिनिस्ट हुनुपर्छ।”

मैले भने, “म क्याल्भिनिस्ट तबसम्म हुँ जबसम्म क्याल्भिनिस्ट बाईबलमा छ।”

12 अब, त्यहाँ रूखमा एउटा हाँगा छ, त्यो क्याल्भिनवाद हो, तर त्यहाँ रूखमा, अरू धेरै हाँगाहरु पनि छ। एउटा रूखमा एउटा भन्दा बढि हाँगाहरु हुन्छन्। उसले यसलाई त्यहाँ अनन्त सुरक्षामा चलाउन चाहन्थ्यो, र केहि समय पछि तपाई विश्वव्यापीतामा जानुहुन्छ र तपाई त्यहाँबाट कतै खस्नुहुन्छ, त्यहाँ यसको कुनै अन्त्य छैन। तर जब तपाई क्याल्भिनवादबाट भएर जानुहुन्छ, फिर्ता आउनुहुन्छ र अर्मिनियनवादमा शुरू गर्नुहुन्छ। बुझ्नुभयो, रूखमा त्यहाँ अर्को हाँगा छ, र रूखमा अर्को हाँगा छ, र जारी रहन्छ। ती सबैकुरा संगै भएर एउटा रूख बन्छ। त्यसैले म विश्वास गर्छु—गर्छु...क्याल्भिनवादमा विश्वास तबसम्म विश्वास गर्छु जबसम्म यो धर्मशास्त्रसंग रहन्छ।

13 र म विश्वास गर्छु कि परमेश्वरले संसारको उत्पत्ति हुनभन्दा अगाडि नै जान्नुभएको थियो, ख्रीष्टमा उहाँको मण्डलीलाई चुन्नुभएको थियो, र संसारको उत्पत्ति हुनभन्दा अगाडिलाई ख्रीष्टलाई मार्नुभएको थियो। शास्त्रले यसो भनेको छ, “उहाँ संसारको उत्पत्ति हुनभन्दा अगाडि नै मारिनुभएको परमेश्वरको थूमा हुनुहुन्थ्यो।” बुझ्नुभयो? र येशूले भन्नुभयो कि उहाँलाई हामीलाई संसारको उत्पत्ति हुनभन्दा अगाडि नै चिन्नुभएको थियो, पावाले भनेका थिए, “उहाँ—उहाँ संसारको सृष्टि हुनु भन्दा पहिल्यै परमेश्वरले

हामीलाई येशू ख्रीष्टद्वारा आफ्ना बालकहरू बनाउने निश्चय गर्नुभयो।" त्यो परमेश्वर हुनुहुन्छ। त्यो हाम्रो पिता हुनुहुन्छ। बुझ्नुभयो?

14 त्यसैले चिन्ता नगर्नुहोस्, पांग्राहरु सहि तरिकाले घुमिरहेको छ, सबैकुराहरु ठिक समयमा आउँदै छ। एउटै कुरा, यो मात्रै हो, कि आफ्नो पालोमा पाउनुहोस्। र त्यो—त्यो नै यसको बारेमा राम्रो पक्ष हो, तब तपाईलाई थाहा हुन्छ कसरी काम गर्ने भनि जब तपाईले आफ्नो पालोमा पाउनुहोस्।

15 अब, अहिले ध्यान दिनुहोस्, "वारदानहरु र बोलावट पश्चताप बिना हो," त्यो मात्रै एक तरिका हो जुन मैले—मैले धर्मस्त्रीय रुपले मेरो बोलावट प्रभुमा राख्न सक्छु। र विश्वास गर्दै कि म आजराति ती साथीहरु संग छु जसले पक्कै पनि यो बुझ्नुहुनेछ र यो व्यक्तिगत होइन भनेर सोच्नुहुनेछ, तर तपाईसंग यो समझ हुनसकोस् र जान्नुभएको होस् कि—कि परमेश्वरले के भन्नुभएको छ जुन हुन आउनेछ, र केहि कुरा चलिरहेको भेट्नुहुनेछ र त्यसपछि यसलाई पछ्याउनुहुनेछ।

16 अब, आदिमा, पहिलो कुरा जुन मैले सम्झन सक्छु त्यो एउटा दर्शन हो। पहिलो कुरा जुन मैले मेरो दिमागमा सम्झन सक्छु त्यो एउटा दर्शन हो जुन प्रभुले मलाई दिनुभएको थियो। र त्यो धेरै, धेरै वर्ष पहिले हो, म एउटा सानो केटो थिए। र मेरो हातमा एउटा ढुंगा थियो।

17 अब, म तपाईको माफि चाहन्छु, म याद गर्नसक्छु कि जब मैले रालो पोशाक लागेको थिएँ। साना केटाहरुले लामो लुगा लगाउँदाको समय सम्झन सक्ने उमेरको तपाई (तपाईहरु सबै) पुग्नुभएको छ या छिअना मलाई थाहा छैन। तपाईहरु यहाँ कतिजना हुनुहुन्छ जसले याद गर्नुहुन्छ कि बच्चाहरुले, हो, लामो लुगा लगाउँथ्यो? ठिक छ, म सम्झन सक्छु, मेरो सानो पुरानो झुप्रोमा जहाँ हामीहरु बस्थ्यौ, म भुइँमा घिस्रिदै थिए। र त्यो कोहि थियो, मलाई थाहा छैन त्यो को थियो, उहाँ भित्र आउनुभयो। र आमाले सानो—सानो निलो रिबन मेरो लुगामा लगाईदिन काम गर्दै हुनुहुन्थ्यो। र म भर्खरै गाह्रोसंग हिड्न सक्थे। तर म त्यो बेलामा बामे सर्दै थिए, र मैले मेरो औँला तिनीहरुको खुट्टाको हिउँमा अड्काए, र आगो निर छेउमा, न्यानो हुँदै उभिरहेको बेलामा मैले उहाँको खुट्टाबाट हिउँ खाना

थाले। मलाई सम्भना छ कि मेरी आम्लाले मलाई त्यसको लागि भट्का दिदै हुनुहुन्थ्यो।

18 र त्यसपछि अर्को बिहान म सम्भन्छु, दुई वर्ष पछाडि हुनपर्छ, मसंग सानो ढुंगा थियो। र त्यसले मलाई लगभग तिन बर्षको उमेर बनाउँछ, र मेरो सानो भाई त्यसबेला लगभग केवाल दुई वर्षको उमेर थियो। र त्यसैले हामी आँगनको पछाडि बाहिर थियौ जहाँ केवल पुरानो भुसको आँगन थियो जहाँ तिनीहरुले काठ ल्याउने गर्थे र काठ काट्थे। पछाडि आँगनमा दाउरा तानेर काट्ने दिनहरु कतिजनालाई याद छ? किन आजराति मैले आज टाई धरी लगाए होला? म—म ठिक घर मै छु।

19 त्यसपछि जब तिनीहरुले...बाहिर त्यहाँ पुरानो भुसको आँगनमा त्यहाँ एउटा सानो हाँगा थियो, जुन छहराबाट आएको थियो। त्यहाँ माथि छहरामा पुरानो लौकाको भाँडा थियो जहाँ हामीले यो पानीमा डुबाउने गर्थ्यौ र यसलाई पुरानो भाडामा हाल्थ्यौ, पुरानो धुपीको भाडामा, र यसलाई तल ल्याउथ्यौ।

20 मलाई सम्भना छ जब अन्तिम पटक मैले मेर सानी, बृद्धा हजुरआमालाई उहाँ बित्नुभन्दा अगाडि देखेको थिए, उहाँ एक सय दस वर्षको हुनुहुन्थ्यो। र जब उहाँको मृत्यु भयो, मैले उहाँलाई मेरो हातमा उठाए र उहाँको मृत्यु हुनुभन्दा अगाडि उहाँलाई यसरी समाते। उहाँले आफ्नो हात मेरो वरिपरी राख्नुभयो, र भन्नुभयो, "परमेश्वरले तिम्रो प्राणलाई आशिष दिनुभएको होस्, प्रिय, अहिले र सदाको लागि," जब उहाँ बित्नुभयो।

21 र मलाई लाग्दैन कि महिलाको कहिल्यै आफ्नै एक—एक जोडि जुत्ता हुने गर्थ्यो, आफ्नो जीवनकालमा। र मैले उहाँलाई हेरिरहेको सम्भन सक्छु, र यहाँसम्म कि जब म जवान मानिस भएको थिए, म उहाँहरुलाई हेर्न तल जाने गर्थे, हरेक बिहान उहाँ उठ्नुहुन्थ्यो, खाली खुट्टै, र त्यो हिउँको बाटो भएर त्यहाँ छहरासम्म जानुहुन्थ्यो, एक बाल्टी पानि लिनुहुन्थ्यो र फर्केर आउनुहुन्थ्यो, उहाँको खुट्टा खाली नै हुन्थ्यो त्यसमा। ताकी यसले तपाईलाई नदुखाओस्, उहाँ एक सय दस वर्षसम्म बाच्नुभयो। त्यसैले (हो, श्रीमान) उहाँ एक, धेरै दह्रिलो पनि, हुनुहुन्थ्यो।

22 त्यसैले त्यसपछि मलाई याद छ उहाँले मेरो बुवाको गुच्चाको बारेमा भन्न जाँदै हुनुहुन्थ्यो जुन उहाँले उहाँ सानो केटा भएको बेलामा खेल्ने गर्नुहुन्थ्यो। "र त्यो पुरानो कुरा," मैले सोचे, "उहाँ कसरी त्यो आँटीमा कसरी उठ्नुहुन्छ?" एउटा सानो, पुरानो दुई–कोठे झुपडी, र यसमा माथि त्यहाँ आँटी थियो। र तिनीहरुको मा दुईओटा विरुवा काटेको थियो, र सिँढी बनाएको थियो, माथि जानको लागि। अँ, मैले भने...

23 ठिक छ, अब, उहाँले भन्नुभयो, "अब, रातको खाना पछि म तिमीलाई भन्नेछु, तिमीलाई तिम्रो—तिम्रो बुवाको गुच्चा देखाउछु।"

र मैले भने, "ठिक छ।"

24 त्यसैले उहाँले मलाई ती देखाउन लाग्दै हुनुहुन्थ्यो, मत्तिल्लो तल्लाको बाकसमा जहाँ उहाँले आफ्नो समानहरु राख्नुभएको थियो जसरी पुरानो मानिसहरुले गर्ने गर्छन्। र मैले सोचे, "कसरी यस्तो बृद्धा मान्छे त्यो सिंढी माथि जानसक्छ होला?" त्यसैले म त्यहाँ वरपर गए र मैले भने, "हजुर आमा," मैले भने, "अब, पर्खनुस्, प्रिय, म यहाँ आउँछु र तपाईलाई सहायता गर्छु।"

25 उहाँले भन्नुभयो, "छेउमा बस।" माथि त्यो सिंढीमा उहाँ लोखर्के जसरी जानुभयो। उहाँले भन्नुभयो, "ठिक छ, माथि आउ!"

र मैले भने, "ठिक छ, हजुर आमा।"

26 मैले भने, "ओ, मेरो, यदि म उहाँ जस्तै हुन सके त, त्यस्तो खालको बल ममा भएर यद्धपि एक सय वर्षको उमेर पनि!"

27 अब, त्यसपछि मलाई सम्झना छ यो सानो पुरानो छहरामा भएको, र म संग ढुंगा थियो र त्यसरी तल फ्याक्दै थिए, माटोमा, मेरो सानो भाईलाई देखाउन खोज्दै थिए म कति बलियो छु भने। र त्यहाँ माथि रुखमा एउटा चरा बसिरहेको थियो र त्यो चिचिराउँदै थियो, वरपर कराउदै, एउटा सानो पुरानो रबिन या केहि त्यस्तै थियो। र, सानो रबिन, मलाई लाग्थ्यो कि ऊ मंसग बोल्दै थियो। र म फर्किए र सुने, र चरा टाढा उडेर गयो, र एउटा आवाजले भन्यो, "तिमीले तिम्रो जीवनको ठूलो भाग एउटा शहरमा बिताउन जाँदैछौ जसको नाम न्यु अल्बानि हो।"

28 त्यो म हुर्केको ठाउँबाट तिन मिल टाढा हो। गयो, लगभग एक वर्ष पछि, त्यो स्थानमा, त्यहाँ जान्छु भन्ने कुनै सोच नै थिएन...न्यु अल्बानि। जीवनको समयमा, कसरी ती कुराहरु...

29 अब, हेर्नुहोस्, मेरा मानिसहरु धार्मिक थिएनन्। मेरो बुवा र आमा मण्डलीमा जानुभएन। त्यो भन्दा पहिले उहाँहरु क्याथोलिक हुनुहुन्थ्यो।

30 मेरो सानो भतिजा आजराति यहाँ कतै बसिरहनुभएको छ, मलाई लाग्छ मलाई थाहा छैन। ऊ एउटा सिपाहि हो। म उसको लागि प्रार्थना गरिरहेको छु। उ आफै क्याथोलिक हो, अझै पनि क्याथोलिक नै छ। र गत साँझ, जब ऊ यहाँ थियो र परमेश्वरका ती कुराहरु देखे, ऊ ठिक त्यहाँ मंचनिर उभिरहेको थियो। उसले भन्यो, त्यहि उभिदै, र उसले भन्यो, "अंकल बिल?" ऊ लामो समय देखि देशबाट बाहिर त्यो, भन्यो, "जब मैले त्यो देखे..." भन्यो, "त्यो—त्यो क्याथोलिक मण्डलीमा त हुदैन।" उसले भन्यो, "त्यो...म—म विश्वास गर्छु, अंकल बिल, तपाई सहि हुनुहुन्छ," उसले भन्यो।

31 र त्यसैले मैले भने, "प्रिय, यो *म* सहि होइन, यो उहाँ हुनुहुन्छ जो सहि हुनुहुन्छ। हेर्नुहोस्, *उहाँ* हो जो सहि हुनुहुन्छ।" र त्यसैले उसले भन्यो उसले...मैले भने, "अब, म तिमीलाई केहि गर्नको लागि आग्रह गरिरहेको छैन, मेलविन, तर केवल प्रभु येशू ख्रीष्टलाई तिम्रो सम्पूर्ण हृदयले सेवा गर। तिमी जहाँ जान मन लाग्छ त्यहाँ जाऊ। तर निश्चित पार् कि येशू ख्रीष्ट तिम्रो हृदयमा नयाँ गरि जन्मनु बहेको छ, बुझ्यौ, तिम्रो हृदयमा। त्यसपछि तिमी जुनै मण्डली जान मन लाग्छ त्यहाँ जाऊ।

32 अब, तर मभन्दा अगाडिको मानिसहरु क्याथोलिक थिए। मेरो बुवा आईरिस हुनुहुन्थ्यो र मेरी आमा आईरिस हुनुहुन्थ्यो। आईरिस रगत एउटा मात्रै अवरोध जुन छ, त्यो मेरी हजुर आमा चेरोकि इन्डियन हुनुहुन्थ्यो। मेरी आमा केवल आधा-नस्लको हुनुहुन्थ्यो। र त्यसैले तब म...मेरो लागि, यो मेरो...हाम्रो पुस्ता, तिन पुस्ता पछि यो हराएर गयो। तर कडा रूपमा आईरिस हुनबाट तोडिएको केवल त्यो मात्रै थियो, हार्वी र ब्रन्हाम चाहि नाम थियो। र त्यो भन्दा पछाडि ल्योन्स थियो, जुन अझै पनि आईरिस

नै थियो। र तब तिनीहरु सबै क्याथोलिक थिए। तर म आफै चाहि, एउटा बच्चाको रूपमा, हाम्रो कुनै धार्मिक प्रशिक्षण वा शिक्षा थिएन।

33 तर ती वरदानहरु, त्यो दर्शनहरु, मैले दर्शनहरु ठिक त्यहि बेलादेखि देख्थे जस्तो म अहिले देखेँको छु, त्यो सहि हो, किनभने वरदान र बोलावट पश्चाताप बिना हुन्छन्। यो परमेश्वरको पूर्व ज्ञान हो, परमेश्वरले केहि गर्दै हुनुहुन्छ। जीवनभर म यसबारे केहि भन्न डराई रहे।

34 तपाईले एउटा सानो पुस्तक *येशू हिजो, आज र सधैंभरि एकसमान हुनुहुन्छ* मा मेरो कथा पढ्नुभएको छ। मलाई लाग्छ त्यो केहि पुस्तकहरुमा छन्, यी अन्यमा। के यो सहि हो, जीन? के यो यसमा, नियमित—नियमित पुस्तकमा छ, अहिले हामीसंग—हामीसंग भएको पुस्तकमा छ? के यो, *जीवन कथा* मा हो? मलाई लाग्छ यसमा हो। तब जब हामीसंग...के त्यो भयानक छैन? मेरो आफ्नै पुस्तकहरु, र म, आफैले कहिल्यै पनि त्यो पढेको छैन। तर कसैले त्यो लेख्छन्, त्यसैले तब यो उनीहरुले सभामा लिने केहि कुरा मात्रै हो। म त्यसबाट भएर गएको छु, त्यसैले म केहि अरु कुरा हुनको लागि हेर्दछु। त्यसैले, त्यसबेला, तिनीहरु ठिकै छन्, मैले तिनीहरुको केहि भाग अहिले चाहि पढेको छु, यहाँ र त्यहाँ, मैले मौका पाएकी पढ्छु।

35 र अब, जसरी पनि, एउटा—एउटा सानो केटा भएकोले, तपाईलाई दर्शन थाहा छ कसरी यो मसंग बोलेको थियो, म लगभग सात वर्षको थिए, र भन्यो, "पिउने वा धुम्रपान गर्ने या कुनै पनि तरिकाले आफ्नो शरीरलाई अपवित्र नबनाऊ, त्यहाँ तिम्रो लागि एउटा काम हुनेछ जब तिमी ठूलो हुन्छौ। र तपाईले त्यो पुस्तकमा भनेको सुन्नुभएको छ। ठिक छ, त्यो सहि हो। सबैतिर यो भईनै रह्यो।

36 जब म एउटा सेवक भए, ठिक छ, तब यो—तब यो वास्तवमै हरेक पटक हुन शुरू गर्यो।

37 र मैले एउटा रात हाम्रो प्रभु येशूलाई देखे। मलाई विश्वास छ, पवित्र आत्माबाट, मैले यो अनुमति सहित भन्दै छु। आउनुहुने परमप्रभुको स्वर्गदूत प्रभु येशू हुनुहुन्न। उहि दर्शनमा यो उहाँ जस्तो देख्दैन। किनकि, मैले देखेको प्रभु येशूको दर्शन, उहाँ एउटा सानो मानिस हुनुहुन्थ्यो। उहाँ हुनुहुन्नथ्यो... म बाहिरी क्षेत्र पुगेको छु, मेरो बुवाको लागि प्रार्थना गर्दै। र म फर्केर आए र

म ओछ्यानमा गए, र त्यस रात मैले उहाँलाई हेरे र मैले—मैले भने, “ओ परमेश्वर, उहाँलाई बचाउनुहोस्!”

38 मेरी आमाको पहिले नै उद्धार भएको थियो र मैले उहाँलाई बप्तिष्मा दिएको थिए। त्यसपछि मैले सोचे, “ओ, मेरो बुवाले पिउनुहुन्छ त्यसैले।” र मैले सोचे, “यदि मैले उहाँलाई केवल प्रभु येशू स्वीकार्ने बनाउन सके त!” म बाहिर गए, ढोकाको नजिकै रहेको, अगाडिको कोठाको सानो पुरानो बिछौनामा गएर पल्टिए।

39 र केहिकुराले मलाई भन्यो, “माथि उठ्।” र म माथि उठे, हिड्दै गए, र मेरो पछाडिको मैदानमा गए, र एउटा पुरानो कुचोको खेतमा गए।

40 र त्यहाँ, त्यहाँ उभिरहेको म भन्दा दस फिट पनि टाढा थिए, एउटा मानिस उभियो; सेतो पोशाक लागेको, एउटा सानो मान्छे; *यसरी* आफ्नो हात बनेर बएको थियो; एउटा जुँगा–दाह्री, एक प्रकारको होचो; उहाँको काँधसम्म झरेको कपाल र उहाँ मबाट एक छेउ तर हेरिरहनु भएको थियो; *त्यो* जस्तो; शान्तिपूर्ण देखि आकृति। तर मैले यो बुझ्नै सकिन, कसरी उहाँको पाउ, एउटा ठिक अर्कोको पछाडि। र हावा बगिरहेको थियो, उहाँको पोशाक हल्लिरहेको थियो, कुचोको भुस उडिरहेको थियो।

41 मैले सोचे, “अब, एक मिनेट पर्खौ।” मैले आफैलाई टोके। मैले भने, “अब, म निद्रामा त छैन।” र मैले तल ताने, त्यो कुचोको सानो भाग ताने, तपाईलाई थाहा छ, यसमा दाँत कोट्टाउने जस्तो कुरा पाए। मैले यो मेरो मुखमा हाले। मैले घर तर्फ फर्केर हेरे। मैले भने, “होइन, म त त्यहाँ बुवाको लागि प्रार्थना गरिरहेको थिए, र केहि कुराले मलाई बाहिर आऊ भन्यो, र यहाँ यो मानिस उभिन्छ।”

42 मैले सोचे, “त्यो प्रभु येशू जस्तो देखिन्छ।” मैले सोचे, “यो हो कि भन्ने कुरामा म अचम्ममा छु?” उहाँ ठिक त्यहाँ, सिधै त्यहाँनिर हेर्दै हुनुहुन्थ्यो जहाँ अहिले हाम्रो घर छ। त्यसैले म उहाँलाई कतै देख्न सक्छु कि भनेर हेर्नको लागि म *यतातिर* गएँ। र मैले उहाँको अनुहारको छेउ त्यसरी नै देख्न सक्थे। तर उहाँ...उहाँलाई हेर्नको लागि मैले *यसरी* घुम्न परेको थियो। र मैले भने, “अम्!” उहाँलाई कहिल्यै हल्लाएन। र मैले सोचे, “म विश्वास गर्छु कि म उहाँलाई बोलाउनेछु।” र मैले भने, “येशू।” र जब उहाँले गर्नुभयो,

उहाँले *त्यसरी* वरिपरी हेर्नुभयो। मलाई यति मात्रै सम्झना छ, उहाँले केवल आफ्नो हात खोल्नुभयो।

43 त्यहाँ संसारमा कुनै चित्रकार छैन जसले उहाँको चित्र कोर्न सक्छ, उहाँको मुहारको किर्ती। मैले अहिलेसम्म देखेको सबैभन्दा उत्तम हफमनको *तेत्तिसमा ख्रीष्टको शिर* हो, मैले यो सबै साहित्य र मैले प्रयोग गर्ने सबैकुरामा राखेको छु। त्यो किनभने त्यो ठिक यो जस्तै देखिन्छ, र त्यसैले त्यसपछि...या लगभग नजिक छ, यो हुनसक्नेसम्मको नजिक छ।

44 उहाँ, एउटा मानिस जस्तै देखिनुहुन्थ्यो, यदि उहाँ बोल्नुहुन्थ्यो भने, संसारको अन्त्य हुनेथियो, र अझै पनि तपाई—तपाईसम्म यति माया र दयाका साथ...मैले केवल लडे। र दिनको उज्यालोमा, मैले आफैलाई दिनको समयमा पाए, पजामा शर्ट आँशुले पुरै भिजेको थियो, जब म होसमा आएँ, हिड्दै, कुचोको खेतबाट फर्केर, घर आएँ।

45 मैले यो मेरो एउटा सेवक मित्रलाई भने। उहाँले भन्नुभयो, "बिल्ली, त्यसले तिमीलाई पागल बनाउछ।" उहाँले भन्नुभयो, "त्यो शैतान हो।" र भन्नुभयो, "तिमीले त्यस्ता खालका कुराले आफैलाई मूर्ख नबनाऊ।" म त्यसबेला ब्याप्टिष्ट सेवक थिए।

46 ठिक छ, म मेरो अर्को पुरानो मित्रकहाँ गए। म तल बसे अनि उसलाई यो बारे सुनाएँ। मैले भने, "भाई, त्यसको बारेमा तपाईले के सोच्नुहुन्छ?"

47 उसले भन्यो, "ठिक छ, बिल्ली, म तिमीलाई भन्नेछु।" उसले भन्यो, "म विश्वास गर्छु कि यदि तिमीले आफ्नो जीवनलाई बचाउन चाहन्छौ भने, केवल यहाँ बाईबलमा भएको कुरा मात्रै प्रचार गर, परमेश्वरको अनुग्रह र त्यस्तै कुराहरु, म केहि अचम्मको चिजको पछि जाने थिएन, यस्तै केहि कुराहरुमा।"

48 मैले भने, "महोदय, मेरो मतलव केहि अचम्मका कुराहरुको पछि जानु होइन।" मैले भने, "यो के हो भनेर मैले पत्ता लगाउन खोजेको मात्रै हो।"

49 उसले भन्यो, "बिल्ली, वर्षौं पहिले तिनीहरुले ती चिजहरु मण्डलीहरुमा ल्याउने गर्थे। तर," भन्यो, "जब प्रेरितहरुले बन्द गरे, ती कुराहरु यससंगै बन्द भए।" र भन्यो, "अब हामीसंग एउटै कुरा मात्रै छ...कुनै पनि प्रकारको ती कुराहरु हेर्दै," भन्यो, "यो आत्मिकतावादी, दुष्टहरु।"

मैले भने, “ओ भाई मिक्किन्ने, तिमीले त्यहि भन्नको खोजेको हो?”

उसले भन्यो, “हो, महोदय।”

मैले भने, “ओ परमेश्वर, ममाथि दया गर्नुहोस्!”

50 मैले भने, “म—म...ओ, भाई मिक्किन्ने, के तिमी—तिमी मसंग प्रार्थनामा सामेल हुन्छौ कि परमेश्वरले मलाई कहिल्यै पनि यो हुन दिनुहुनेछैन? तिमीलाई थाहा छ कि म उहाँलाई प्रेम गर्छु र म यी कुराहरुमा गलत हुन चाहन्न।” मैले भने, “तिमी मसंग प्रार्थना गर।”

51 उसले भन्यो, “म गर्नेछु, भाई ब्रन्हाम।” र त्यसैले हामीले त्यहि व्यक्तिबीच—नै प्रार्थना गर्यौं।

52 मैले धेरै सेवकहरुलाई सोधे। एउटै कुरा आउथ्यो। त्यसपछि मैले तिनीहरुलाई सोध्न डराएँ, किनकि तिनीहरुले म दुष्ट हुँ भनि सोच्ने थिए। त्यसैले म—म त्यस्तो बन्न चाहन्न थिए। मलाई मेरो हृदयमा थाहा थियो कि केहि कुरा भएको छ भनि। अब, त्यो सबै, त्यहाँ—त्यहाँ मेरो हृदय केहि भएको थियो। र म त्यस्तो हुन चाहन्न थिए, कहिल्यै पनि।

53 त्यसैले केहि वर्षहरु पछि, मैले एकदिन तल ब्याप्टिष्ट मण्डलीमा सुने जहाँ म एउटा सदस्य थिए त्यसबेलामा, कसैले यो भनेको मैले सुने, “भन्छ, तपाई गएको हुनुपर्छ र ती पवित्र–भनाउदाहरु बाट सुनेको हुनुपर्छ गत राति।”

54 र मैले सोचे, “पवित्र भनाउदा?” र मेरो एउटा मित्र, वाल्ट जोनसन, बेस गायक, र मैले भने, “त्यो के थियो, भाई वाल्ट?”

उहाँले भन्नुभयो, “यी पेन्टिकोष्टलका झुण्डहरु।”

मैले भने, “के रे?”

55 उहाँले भन्नुभयो, “पेन्टिकोष्टलहरु!” भन्नुभयो, “बिल्ली, यदि तपाईले त्यो देख्नुभयो भने,” भन्नुभयो, “तिनीहरु भुइँमा त्यसरी लडिबुडी गर्दै र माथि–र–तल उफ्रिदै थिए।” र भन्नुभयो, “तिनीहरुले भने कि तिनीहरु कुनै न कुनै प्रकारको अन्यभाषाहरुमा बर्बराउनु पर्छ रे नभए तिनीहरु—तिनीहरुको उद्धार हुनेथिएन रे।”

र मैले भने, “त्यो कहाँ छ?”

56 “ओ,” भन्नुभयो, “एउटा सानो पुरानो पालको सभामा, लुईसभिलको अर्को छेउपट्टि।” भन्नुभयो, “रंगिन मान्छेहरु, अवश्य।”

र मैले भने, “अँ–ह।”

र उहाँले भन्नुभयो, “त्यहाँ धेरै कोरा मानिसहरु छन्।”

मैले भने, “के तिनीहरुले पनि, त्यसो गर्छन्?”

भन्नुभयो, “हो, हो! तिनीहरुले पनि, गरे।”

57 मैले भने, “त्यो हासो लाग्दो छ, मानिसहरु त्यस्तो खालको कुरामा मिसिन्छन्।” मैले भने, “ठिक छ, मलाई लाग्छ कि हामीसंग ती चिजहरु हुनुपर्छ।” आईतबारको बिहान, म कहिल्यै पनि यो भुल्न सक्दिन। उहाँले उहाँको अपचको समस्याको लागि सुकेको सुन्तलाको बोक्राको एउटा टुक्रा खाँदै हुनुहुन्थ्यो, र म यसलाई हिजो जस्तै गरी देख्न सक्छु। र मैले सोचे, “बर्बराउने, माथि–र–तल उफ्रिने, कुन खालको धर्म अर्ब अर्को पाउला तिनीहरुले?” र त्यसैले म—म अघि बढे।

58 त्यसपछि, मैले एउटा वृद्धा मानिसलाई भेटे जो अहिले शायद यहाँ मण्डलीमा हुनुहुन्छ, वा उहाँ यहाँ जोन रायनको, मण्डलीमा हुनुहुन्थ्यो। र मैले उहाँलाई एउटा ठाउँमा भेटे...लामो दाह्री र कपाल भएको वृद्धा साथी, र उहाँ यहाँ हुनसक्छ। मैले सोचेको थिए उहाँ यहाँ माथी बेन्टोन हार्वरबाट हुनुहुन्थ्यो, दाऊदको घरमा।

59 र तिनीहरुको लुइसभिलमा एउटा ठाउँ छ। मैले ती मानिसहरुलाई खोज्ने प्रयास गर्दैथिएँ, र तिनीहरुले यसलाई भविष्यवक्ताको विद्यालय भन्थे। त्यसैले मैले सोचे म त्यहाँ जानेछु र त्यो के हो हेर्छु। ठिक छ, मैले कोहि पनि भुइँमा लडिबुडी गरेको देखिन, तर तिनीहरुको केहि अनौठो सिद्धान्तहरु थिए। र त्यहिनिर हो जहाँ मैले यस वृद्धा मानिसले भेटे, उहाँले मलाई उहाँको ठाउँमा आउनको निम्ति निमन्त्रणा गर्नुभयो।

60 म बिदा मनाउनको लागि गएँ। र एक दिन म त्यहाँ थिए, र म फर्केर उहाँको घरमा गएँ र उहाँ गईसक्नुभएको थियो, र उहाँ इन्डियानापोलिसमा कतै जानुभएको थियो। भन्नुभयो, “प्रभुले उहाँलाई बोलाउनुभयो,” उहाँको पत्नीले।

मैले भने, “तपाईले भन्न खोज्नुभएको तपाईले त्यो मानिसलाई यत्तिकै जान दिनुभयो?”

61 उनले भनिन्, “ओ, उहाँ परमेश्वरको दास हुनुहुन्छ!” बिचरा पुरानो कुरा केहि हप्ता अगाडि बितेको, मैले सुने। र उनी उहाँ प्रति समर्पित थिईन्। मेरो, त्यो प्रकारको पत्नी हुनुपर्छ! त्यो सहि हो। सहि वा गलत, उहाँ जसरी नि सहि छ! मैले भने...ठिक छ, मलाई थाहा छ तिनीहरु...

62 अब उहाँ...भाई राईन, के तपाई यहाँ हुनुहुन्छ? उहाँ यहाँ हुनुहुन्न। उहाँ अर्को दिन थियो, हुनुहुन्न उहाँ, केटाहरु?

63 ठिक छ, तिनीहरु केवल आफूले समात्न सक्ने कुरामा बाँच्छन्, र उहाँसंग खानको लागि घरमा केहि पनि थिएन। त्यो सहि हो। र मैले एउटा पोखरीबाट केहि माछाहरु समातेको थिए, वा एउटा तालबाट, मिशीगानमा, र म फर्केर तल आए—र फर्केर तल त्यो ठाउँमा आए। र तिनीहरुसंग घरमा माछा चिल्लो भाडा, वा तेल, समेत थिएन। र मैले भने, “उहाँले तपाईलाई घरमा केहि नराखी नै छोड्नुभयो?”

भनिन्, “ओ, तर उहाँ परमेश्वरको सेवक हुनुहुन्छ, भाई बिल!” भनिन्, “उहाँ...”

64 र मैले सोचे, “ठिक छ, तपाईको वृद्धा हृदयलाई आशिष होस्। भाई, म तपाईकै साथमा उभिनेछु।” त्यो सहि हो। “तपाईले आफ्नो पतिको लागि त्यति विधि सोच्नुहुन्छ, म सामेल हुन तयार छु र त्यसको लागि तपाईको साथमा खडा हुन्छु।” त्यो सहि हो। हामीलाई आज अझै धेरै त्यस्ता माहिलाहरु चाहिन्छ, र त्यस्तै धेरै पुरुषहरु जसले आफ्ना पत्नीहरुको बारेमा त्यस्तै सोच्छन्। त्यो सहि हो। यो अझै उत्तम अमेरीका हुनेथियो यदि पतिहरु र पत्नीहरु यसरी नै मिलेर बस्थे भने। सहि वा गलत, साथमा रहनुहोस्। यति धेरै विवाहविच्छेद हुनेथिएन।

65 त्यसैले हामी—हामी गर्यौ...त्यसपछि म अघि बढे। र घर जाने बाटोमा, यो एउटा अनौठो कुरा हो, म मिशावाकाबाट भएर तल आए। र मैले सानो—सानो बुढो कार देखे अहिले, सडकमा बसिरहेको, बोलायो... त्यसमा ठूला चिन्हहरु भएको जसमा भनिएको थियो, “येशू मात्रै।” मैले सोचे, “के हो...‘येशू ,मात्रै,’ त्यो धार्मिक हुनुपर्छ।” र म यहाँनिर गएँ

र यहाँ बाईसाईकल थियो जसमा यसो लेखिएको थियो, “येशू मात्रै।” क्याडील्याकहरु, मोडेल–टि फोर्डहरु, सबै कुरामा, “येशू मात्रै” थियो। मैले सोचे, “ठिक छ, त्यो के हो अचम्म?”

66 त्यसैले मैले वरपर यसलाई पच्छ्याएँ; पत्तो पाएँ कि, यो एउटा धार्मिक सभा थियो, पन्ध्र सय देखि दुई हजार मानिसहरु त्यहाँ थिए। र मैले त्यहाँ चिच्याएको र माथि–र–तल उफ्रिएको, र के हुदै थियो त्यो सबै सुने। मैले सोचे, “भने, यहाँनिर हो जहाँ मैले पवित्र भनाउदाहरु के हो भनि देख्न पाउछु।”

67 त्यसैले मसंग मेरो पुरानो फोर्ड थियो, तपाईलाई थाहा छ, जुन मैले दावी गर्छु कि त्यो तिस मिल प्रति घण्टा जान्थ्यो, पन्ध्र यो बाटो र पन्ध्र माथि–र–तल यो एउटा बाटो। त्यसैले मैले यसलाई एक छेउमा ताने, म... जब मैले गाडि राख्ने ठाउँ पाए, र पछाडि तल सडकमा हिडे। भित्र गएँ, चारैतिर हेरेँ, र उभिन सक्ने जति सबै उभिरहेका थिए। मैले तिनीहरुको टाउको माथिबाट हेर्नुपर्थ्यो। र तिनीहरु कराउदै, र उफ्रिदै, र लड्दै, र त्यस्तै गर्दै थिए। मैले सोचे, “ह्यु, अम्, यो कस्तो मान्छे हो!”

68 तर जति धेरै म त्यहाँ बसे, मलाई राम्रो लाग्यो। मैले सोचे, “त्यो एकदम राम्रो देखिन्छ।” मैले सोचे, “त्यहाँ ती मानिसहरुसंग केहि समन्स्या थिएन। तिनीहरु पागल होइनन्।” मैले तिनीहरु मध्ये केहिसंग कुरा गर्न पाएँ, त्यसैले तिनीहरु—तिनीहरु राम्रा मानिसहरु थिए। त्यसैले मैले भने...

69 ठिक छ, त्यो त्यहि सभा हो जुन म बाहिर गएँ र त्यो रात पूरै रातभरि त्यहि बसेँ, र अर्को दिनमा भित्र गएँ। र तपाईले मेरो जीवन कथामा त्यो कुरा मैले भनेको सुन्नुभएको छ। म एक सय पचास, वा दुई सय जना सेवकहरु, र शायद धेरैसंग मंचमा संगै थिए, र हरेकले उठेर तिनीहरु कहाँबाट आएका हुन् सो भनून् भन्ने तिनीहरु चाहन्थे। र मैले भने, “इभान्जलिस्ट विलियम ब्रन्हाम, जेफरसनभिल,” तल बसे, “ब्याप्टिष्ट,” त्यसैले, तल बसे। हरेकले भने तिनीहरु कहाँबाट आएका थिए।

70 त्यसैले भोलि बिहान जब म त्यहाँ भित्र पुगे...म त्यो रातभर मैदानमा सुतेँ, र फोर्डको दुईटा सिटहरुबिच मेरो पत्लुंग राखे, तपाईलाई थाहा छ, र म—म...पुरानो सियरसकर पत्लुंग, सानो टि सर्ट, तपाईलाई थाहा

छ। त्यसैले अर्को बिहानी म सेवामा गएँ, मेरो सानो टि सर्ट लगाएर। म गएको थिएँ...

71 मसंग तिन डलर मात्रै थियो, र घर पुग्नको लागि मसंग पर्याप्त तेल हुनुपर्थ्यो। र त्यसपछि म—मसंग केहि रोलहरु थियो, त्यो एक प्रकारको पुरानो, तपाईलाई थाहा छ, तर म ठिकै थिएँ। र म पानी पिउनुपर्थ्यो, मेरो लागि एक ग्लास पानि ल्याए, तपाईलाई थाहा छ, र तिनीहरु लगभग राम्रो थियो। त्यसैले मैले त्यसलाई थोरै भएको थिए, नास्ताको रूपमा खाएँ।

72 अब, मैले तिनीहरुसंग खाना सक्थे, अब, तिनीहरुले दिनको दुई पटक खान्छन्। तर मैले भेटिमा केहि पनि राख्न सकिन, त्यसैले मैले—मैले तिनीहरुसंग खान या लिन चाहिन।

73 त्यसैले त्यसपछि म—त्यसपछि म त्यस बिहान त्यहाँ पुगे, तिनीहरुले भने...मैले केवल यस भागको कुरा भन्नुपर्छ। र त्यसैले म त्यस बिहान त्यहाँ पुगे, र तिनीहरुले भने, "हामीले विलियम ब्रन्हाममा खोजिरहेका छौँ, एउटा जवान इभान्जलिस्ट गत राति मंचमा हुनुहुन्थ्यो, एक ब्याप्टिष्ट।" भन्यो, "उहाँले आज बिहान सन्देश ल्याउनुभएको हामी चाहन्छौ।" मैले देखे कि यसले मलाई गाह्रोसंग तान्नेवाला छ, ती मानिसका झुण्डहरु, म एउटा ब्याप्टिष्ट हुँ। त्यसैले म एक प्रकारले मेरो कुर्सीबाट तल लुके। मैले एउटा सियरसकर पत्लुंग र एउटा टि सर्ट लगाएको थिएँ; तपाईलाई थाहा छ, र हामीहरुले कार्यलयमा लाउने जस्तो लाउथ्यौ, त्यसैले...र म कुर्सीमा पछाडि यसरी बसे। त्यसैले उहाँले दुई या तिन पटक सोध्नुभयो। र एउटा अश्वेत भाईको तल बसेको थिए।

74 र तिनीहरुको अधिवेशन उत्तरमा हुनुको कारण चाहि, किनभने त्यसबेला दक्षिणमा अलग समूह भएका थिए। त्यसैले तिनीहरुले दक्षिणमा गर्नसकेनन्।

75 त्यसैले यो "येशू मात्रै" के को बारेमा थियो भनेर मैले अचम्म माने। र मैले सोचे, "जबसम्म यो येशू हो, यो सबै ठिक छ। त्यसैले यसले केहि भिन्नता ल्याउदैन चाहे यो...यो कस्तो छ, जबसम्म यो उहाँ हुनुहुन्छ।"

76 त्यसैले म त्यहाँ केहिबेर बसे र तिनीहरुलाई हेरे, र त्यसैले तिनीहरुले दुई वा तिन पकट फेरी बोलाए। र त्यो अश्वेत भाईले मलाई हेर्यो,

उहाँले भन्नुभयो, "के तपाईले उहाँलाई चिन्नुहुन्छ?" म—म—म... त्यसैले परिक्षा त्यहाँ थियो। मैले तिनीहरुलाई झुट बोल्न सकिन, मैले चाहन्न थिए।

मैले भने, "हेर्नुहोस्, भाई। हो, उहाँलाई म चिन्छु।"

उहाँले भन्नुभयो, "ठिक छ, जानुहोस् र उहाँलाई लिएर आउनुस्।"

77 मैले भने, "ठिक छ, म—म तपाईलाई भन्छु, भाई," मैले भने, "उहाँ म नै हुँ। तर, तपाई देख्नुहुन्छ," मैले भने, "हेर्नुहोस्, म...यो सियरसकर पत्लुंग।"

"त्यहाँ माथि जानुहोस्।"

78 र मैले भने, "होइन, म त्यहाँ माथि जान सक्दिन," मैले भने, "यो पत्लुंग लगाएर, यसरी, यो सानो टि सर्ट सहित।"

भन्नुभयो, "ती मानिसहरुले तपाईले कस्तो लुगा लगाउनुहुन्छ वास्ता गर्दैनन्।"

79 र मैले भने, "ठिक छ, हेर्नुहोस्, तपाईले यसलाई उल्लेख नगर्नुहोस्। सुन्नुहुन्छ?" मैले भने, "हेर्नुहोस्, मैले यो सियरसकर पत्लुंग लगाएको छु, म त्यहाँ माथि जान चाहन्न।"

भन्यो, "कसैलाई थाहा छ विलियम ब्रन्हाम कहाँ छ?"

उहाँले भन्नुभयो, "उहाँ यहाँ हुनुहुन्छ! उहाँ यहाँ हुनुहुन्छ!"

80 ओ, मेरो! मेरो अनुसार साचै रातो भयो, तपाईलाई थाहा छ; र कुनै टाई लगाएको छैन, तपाई जान्नुहुन्छ; र यो सानो पुरानो टि सर्ट, तपाईलाई थाहा छ, र सानो स्लिभ्स यो जस्तो। र म हिडेर त्यहाँ माथि गएँ, मेरो कान जलेको अवस्थामा। म कहिल्यै पनि एउटा माईक्रोफोनको अगाडि परेको थिईन।

81 र त्यसैले मैले त्यहाँ प्रचार गर्न पाएँ, र मैले एउटा पाठ लिए, म कहिल्यै पनि यो बिर्सिने छैन, "धनि मानिसले नरकमा आफ्नो आँखा उठायो, र त्यसपछि ऊ रोयो।" म, धेरै जसो समय, त्यो जस्तो सानो तिनटा कुराहरु प्रचार गर्छु, "आउँ, एउटा मानिसलाई हेर," "के तिमी यो विश्वास गर्छौ?" वा "त्यसपछि ऊ रोयो।" र मैले भनि नै रहे, "त्यहाँ कुनै फूल

छैन, र त्यसपछि ऊ रोयो। त्यहाँ कुनै प्रार्थनाको सेवा छैन, त्यसपछि ऊ रोयो। त्यहाँ कुनै नानीहरु छैनन्, त्यसपछि ऊ रोयो। कुनै गीतहरु छैन, र त्यसपछि ऊ रोयो।" त्यसपछि ऊ रोयो।

82 त्यसैले त्यो सबै सकिसके पछि, किन, मेरो, तिनीहरुले केवल... तिनीहरु सबैजना मेरो वरिपरी, तिनीहरुको लागि सेवा गर्नको लागि आईदियोस् भन्ने चाहन्थे। र मैले सोचे, "भन्छ, हुनसक्छ म एउटा पवित्र भनाउदा हुँ!" बुझ्नुभयो? त्यसैले मैले सोचे, "शायद..." बुझ्नुभयो, तिनीहरु यति राम्रा मानिसहरु थिए।

83 र म त्यहाँबाट निस्किएँ। एक जोडि काउबोए जुत्ता, र एउटा ठूलो काउबोए टोपी लगाएको मानिस, मैले भने, "तपाई को हुनुहुन्छ?"

उहाँले भन्नुभयो, "म टेक्सासबाट *फलाना–र–फलाना।*"

मैले सोचे, "ठिक छ, त्यो देखिन्थ्यो..."

84 अर्को यी सानो निकर–बोकर प्यान्ट लगाएको साथी हिडेर आयो, तपाईलाई थाहा छ, जुनले तिनीहरुले गल्फ खेल्ने गर्थे, र ती मध्ये एउटा सानो जर्सी स्वेटर सहित। उहाँले भन्नुभयो, "म फ्लोरिडाबाट रेभ *फलाना–र–फलाना।* के तपाई आएर..."

85 मैले सोचे, "म ठिक घरमै छु, केटा, यी यहाँ सियरसकर पत्लुंग र टि सर्त लगाएर। त्यो केवल ठिक थियो।"

86 त्यसैले, ती कुराहरुमा तपाईले मेरो जीवन कथा सुन्नुभएको छ, त्यसैले म यहाँ रोक्छु र तपाईहरुलाई केहि कुरा भन्छु जुन मैले कहिल्यै पनि भनेको छैन। पहिलो कुरा, म तपाईलाई सोध्न चाहन्छु...म त्यो नागेर जान खोज्दै थिए। मैले सार्वजनिक रूपमा पहिले यो कुरा कहिल्यै भनेको छैन, मेरो जीवनमा। यदि तपाईले मलाई प्रेम गर्ने वाचा गर्नुहुन्छ भने र मैले भनिसके पछि मलाई उत्तिकै प्रेम गर्ने कोशिष गर्नुहुनेछ जत्तिको मैले यो नभन्दा अगाडि गर्नुहुन्थ्यो, आफ्नो हात उठाउनुहोस्। ठिक छ। त्यो तपाईको प्रतिज्ञा हो, म तपाईलाई त्यसैमा भर गरि राख्नेछु।

87 त्यो रातमा सभामा बसिरहदा, जब तिनीहरुले आफ्नो गीतहरु गाउँथे तिनीहरुले ताली बजाउथे। र तिनीहरुले गाउँथे, "म..." त्यो सानो गीत, "मलाई जान्दछु कि त्यो रगत थियो। म जान्दछु कि त्यो रगत थियो।" र

तिनीहरु गलियारहरुमा, र सबैकुरा, र कराउदै र प्रभुको प्रशंसा गर्दै माथि र तल दौडन्थे। मैले सोचे, “मेरो लागि त्यो एकदम राम्रो सुन्थ्यो।” म शुरू गर्न थाले...

88 र तिनीहरुले हरेक समय प्रेरित, प्रेरित २;४, प्रेरित २:३८, प्रेरित १०:४९, सबैकुरालाई उल्लेख गर्दै थिए। मैले सोचे, “भन्छ, त्यो धर्मशास्त्र हो! मैले केवल पहिले त्यस्तो कहिल्यै पनि देखेको छैन।” तर, ओ, मेरो मन जलिरहेको थिए, सोचे, “यो अद्भूत हो!” मैले उनीहरुलाई पहिलो पटक भेट्दा यिनीहरु पवित्र भनाउदाहरुको एउटा झुण्ड हो भनेर सोचेको थिए, र मैले सोचे, “ओ, मेरो! अब तिनीहरु स्वर्गदूतको एउटा झुण्ड हो।” बुझ्नुभयो, मैले मेरो मन छिट्टै परिवर्तन गरे।

89 त्यसैले अर्को बिहानी जब प्रभुले मलाई यी सभाहरु आयोजना गर्ने यो महान अवसर प्रदान गर्नुभयो, मैले सोचे, “ओ, मेरो, म यी मानिसहरुको झुण्डको साथ हुनेछु! त्यो एक प्रकारको तिनीहरुले ‘कराउने मेथोडिष्ट’ भनेको जस्तै खालको थियो। केवल केहि दूरसम्म गएँ,” मैले सोचे। “शायद त्यो यस्तै नै होला।” त्यसैले मैले सोचे, “ठिक छ, म...मलाई पक्कै त्यो मन पर्छ। ओ, त्यहाँ तिनीहरुमा केहि कुरा छ जुन मलाई मनपर्छ, तिनीहरु विनम्र र असल छन्।”

90 त्यसैले एउटा कुरा मैले बुझ्न सक्दिन थिए त्यो अन्यभाषा थियो, त्यो मलाई मिल्यो। र म...त्यहाँ एकजना मानिस थियो, भनौ, *यहाँ* र एउटा *यहाँनिर* बसिरहेको, र तिनीहरु समूहको अगुवाहरु थिए। *यो* एउटा उठ्छ र अन्यभाषा बोल्छ, *यसले* चाहि यो उल्था गर्थ्यो र सभाका कुराहरु र अन्य त्यस्तै कुराहरुको बारेमा बताउथ्यो। मैले सोचे, “मेरो, ह्यु, मैले त्यो पढ्न पर्छ!” त्यसैले त्यसपछि तिनीहरुले विपरित गर्थ्यो, *यसमा* लड्थ्यो र त्यसपछि पछाडि *त्यो* एउटामा; र हरेकले अन्यभाषामा बोल्थ्यो, उल्था गर्थ्यो। बाकी रहेका मण्डलीले नै बोल्थ्यो, तर यो यस्तो देखिदैन थियो जस्तो यी दुईटा पुरुषहरुले उल्था गर्थ्यो। अब, मैले तिनीहरुसंगै बसेको देखे, मैले सोचे, “ओ, मेरो, तिनीहरु स्वर्गदूत हुनुपर्छ!” त्यसैले त्यहाँ पछाडि बसिरहदा...

91 त्यो के थियो (तपाईलाई थाहा छ) जुन मैले बनाउन सक्दिन, यो ममा आउथ्यो। र मसंग चिजहरु जान्ने एउटा तरिका छ यदि परमेश्वरले मैले यो जानेको चाहनुहुन्छ भने, तपाई जान्नुहुन्छ। र मैले गर्दिन...त्यहि नै कारणले हो म भन्छु कि म यो उच्चारण गर्दिन, सार्वजनिक रूपमा पहिले कहिल्यै गरिन। यदि मैले केहि कुरा वास्तवमै पत्ता लगाउन चाहन्छु भने, प्रभुले प्राय मलाई यी चिजहरुको बारेमा बताउनुहुन्छ। वरदान त्यसैको लागि हो, तपाई देख्नुहुन्छ। त्यसैले तपाईले त्यो केवल यत्तिकै मानिसहरुको अगाडि भन्न मिल्दैन, यो तपाईको मोतिहरु सुँगुरको अगाडि फाले जस्तै हो। यो एक पवित्र, शुद्ध कुरा, र तपाईले त्यो गर्न चाहनुहुन्न। त्यसैले, परमेश्वरले मलाई जिम्मेवार बनाउनुहुन्छ। दाजुभाईहरु र त्यस्तै अन्यसंग बोलिरहेको जस्तै, म एउटा भाईको बारेमा केहि दुष्ट कुरा पत्ता लगाउने प्रयास गर्दिन।

92 एक पटक एउटा मानिससंग टेबलमा बसिरहदा, उहाँको हात मलाई अँगालोमा राखेर, भन्नुभयो, "ओ भाई ब्रन्हाम, म तपाईलाई प्रेम गर्छु।" र मैले केहि कुरा चलिरहेको महसूस गरिनै रहे। मैले उहाँलाई हेरे। उहाँले मलाई त्यस्तो भन्न सक्नुहुन्न थियो; मलाई थाहा थियो कि उहाँले यो गर्नुहुन्न, हेर्नुहोस्, किनकि यो त्यहाँ थियो। उहाँ बिल्कुल एउटा पाखण्डी थियो, यदि उहाँले कहिल्यै गर्नुभएको थियो भने, हेर्नुहोस्, र ठिक त्यहाँ आफ्नो हातले मलाई अँगालो हाल्दै।

93 मैले भने, "अँ, ठिक छ," छोडेर गएँ। म त्यो थाहा पाउन चाहन्न थिए। म बरु उहाँलाई जुन तरिकामा चिन्थे त्यो तरिकामा नै चिन्न चाहन्थे, एउटा भाईको रूपमा, र यसलाई त्यसरी नै जान दिन्थे। बाकि रहेको परमेश्वरलाई गर्न दिन्थे। बुझ्नुभयो? र म चाहन्न थिए...थाहा छैन, ती कुराहरु जान्न चाहन्थे।

94 र धेरै पटक यी कुराहरु, यो यहाँ मण्डलीमा छैन। म कोठामा बसिरहेको हुनेछु, एउटा रेस्टुरेन्टमा बस्छु, र पवित्र आत्माले मलाई ती कुरा भन्नुहुन्छ जुन हुन आउनेछ। ठिक यहाँका मानिसहरुलाई थाहा छ कि यो सत्य हो भनेर। म मेरो घरमा बस्छु र म भन्छु, "अब, होसियार, त्यहाँ केहि समयपछि एउटा कार आउँदैछ। यो एउटा *निश्चित–निश्चित* व्यक्ति हुनेछ। तिनीहरुलाई भित्र ल्याऊ, किनकि प्रभुले भन्नुभएको छ कि तिनीहरु यहाँ हुनेछन्।" "जब हामी तल सडकमा जान्छौ, त्यहाँ *निश्चित* घटना घट्नेछ। त्यहाँको

बाटो काट्ने ठाउँमा हेर, किनभने तिमी झन्डै झन्डै गाडिले हानीनेछौ।” र केवल हेर यदि यो त्यो तरिकामा हुन्छ या हुन्न, हेर, हरेकचोटी, पूर्ण रूपमा उस्तै हुन्छ! त्यसैले तपाईले आफैलाई त्यसमा फाल्न चाहनुहुन्न, किनभने तपाई...यो—यो...तपाईले यो प्रयोग गर्न सक्नुहुन्छ, यो परमेश्वरको एउटा वरदान हो, तर तपाईले यो संग के गर्नुहुन्छ त्यो हेर्नुहोस्। परमेश्वरले तपाईलाई जिम्मेवार ठहराउनुहुन्छ।

95 मोशालाई हेर्नुहोस्। मोशा परमेश्वरले–पठाउनुभएको एउटा मानिस हो। के तपाई त्यो विश्वास गर्नुहुन्छ? पूर्वनिर्धारित, पूर्वनियुक्त, र एउटा अगमवक्ता बनाईयो! र परमेश्वरले उनलाई त्यहाँ बाहिर पठाउनुभयो, भन्नुभयो, “गएर चट्टानलाई भन्,” यसलाई प्रहार गरिसके पछि। भन्नुभयो, “गएर चट्टानलाई भन, र यसले आफ्नो पानीहरु ल्याउनेछ।”

96 तर मोशा, रिसमा, त्यहाँ गए र चट्टानमा प्रहार गरे। पानी आएन, उनले फेरी प्रहार गरे, भन्यो, “तिमी विद्रोहीहरु! के हामीले यस चट्टानबाट तिमीहरुलाई पानी निकाल्न पर्ने?”

97 तपाईले देख्नुहुन्छ परमेश्वरले के गर्नुभयो? पानी आयो, तर भन्नुभयो, “मोशा, यहाँ माथि आईज।” त्यो नै यसको अन्त्य थियो, हेर्नुहोस्। तपाईले ती कुराहरु ध्यान दिनुपर्छ, त्यसैले तपाई...ईश्वरीय वरदानबाट तपाईले के गर्नुहुन्छ।

98 एउटा प्रचारक जस्तै, एउटा असल बलिपूर्ण प्रचारक, र बाहिर निस्किन्छ र केवल भेटिहरु र पैसा लिनलाई प्रचार गर्छ, परमेश्वरले उसलाई त्यसको निम्ति जिम्मेवार ठहराउनुहुन्छ। त्यो सहि हो। तपाईले ईश्वरीय वरदानसंग के गर्नुहुन्छ त्यसमा ध्यान दिनुपर्छ। र, या कुनै मण्डलीको लागि ठूलो प्रतिष्ठा वा ठूलो नाम बनाउने कोशिष गर्छ। म बरु दुई वा तिन रात सभा गर्छु र कतै बस्छु, र नम्र हुन्छु, र तलै बस्न चाहन्छु। र तपाईलाई थाह छ मेरो मतलव के हो। हो, महोदय, सधै तपाईको ठाउँ त्यहाँ राख्नुहोस् जहाँ परमेश्वरले उहाँको हात तपाईमा राख्नसक्नुहुन्छ।

यो अब आन्तरिक जीवन हो, याद गर्नुहोस्।

99 त्यसैले त्यसपछि यस दिन, मैले सोचे, “ठिक छ, म माथि जानेछु।” र म केवल ती मानिसहरु संग यति जागे, मैले सोचे, “म ती मानिसहरुको

बारेमा खोज्नेछु।" र सेवा सकिए पछि बाहिर आँगनमा मैले तिनीहरुलाई हेरी नै रहे। मैले चारैतिर हेरे। मैले ती मध्ये एकजनालाई भेट्टाए, मैले भने, "कस्तो हुनुहुन्छ, महोदय?"

100 उहाँले भन्नुभयो, "तपाई कस्तो हुनुहुन्छ!" भन्नुभयो, "के तपाई त्यहि जवान प्रचारक हुनुहुन्छ जसले यस बिहान प्रचार गर्नुभयो?"

मैले भने...म त्यसबेला तेईस वर्षको थिए। मैले भने, "हो, श्रीमान।"

र उहाँले भन्नुभयो, "तपाईको नाम के थियो?"

मैले भने, "ब्रन्हाम।" र मैले भने, "तपाईको?"

101 र उहाँले मलाई उहाँको नाम भन्नुभयो। र मैले सोचे, "ठिक छ, अब, यदि मैले उहाँको आत्माको सम्पर्क मात्रै प्राप्त गर्न सके त।" र यद्धपि त्यसले यसलाई के गर्दैछ भन्ने नजान्दै। र मैले भने, "ठिक छ, भन्नुहोस्, श्रीमान्," मैले भने, "तपाई मानिसहरुसंग यहाँ केहि छ जुन मसंग छैन।"

उहाँले भन्नुभयो, "के तपाईले विश्वास गरेदेखि पवित्र आत्मा पाउनुभयो?"

मैले भने, "अँ, म ब्याप्टिष्ट हुँ।"

102 उहाँले भन्नुभयो, "तर के तपाईले विश्वास गरेको समय देखि पवित्र आत्मा पाउनुभएको छ?"

103 र मैले भने, "ठिक छ, भाई, तपाईले के भन्न खोज्नुभएको?" मैले भने, "म—मैले त्यो पाएको छैन जुन तपाईहरु सबैले पाउनुभएको छ, मलाई त्यो थाहा छ!" मैले भने, "किनभने तपाईले त्यो पाउनुभएको छ जुन शक्तिशाली जस्तो देखिन्छ र त्यसैले..."

भन्नुभयो, "के तपाईले कहिल्यै अन्यभाषामा बोल्नुभएको छ?"

र मैले भने, "छैन, श्रीमान।"

भन्नुभयो, "म तपाईलाई तुरुन्तै भन्छु कि तपाईले पवित्र आत्मा पाउनुभएको छैन।"

104 र मैले भने, "ठिक छ, यदि म...यदि पवित्र आत्मा पाउनको लागि त्यो चाहिन्छ भने, मैले यो पाएको छैन।"

105 र त्यसैले उहाँले भन्नुभयो, “ठिक छ, यदि तपाईले अन्यभाषामा बोल्नुभएको छैन भने, तपाईले यो पाउनुभएको छैन।”

106 र उहाँको कुराकानीलाई त्यसरी नै राखेर, मैले भने, “ठिक छ, मैले यो कहाँ पाउन सक्छु?”

107 भन्नुभयो, “त्यहाँ भित्र कोठामा जानुहोस् र पवित्र आत्मालाई खोज्न शुरू गर्नुहोस्।”

108 र मैले उहाँलाई हेरिरहे, तपाईलाई थाहा छ। उहाँलाई थाहा थिएन मैले के गर्दै थिए भनि, तर उहाँ...मलाई थाहा थियो कि उहाँमा थोरै अनौठो भाव थियो, किनकि उहाँ...उहाँले मलाई हेर्दा खेरि उहाँको आँखा अलिकति भावहिन देखिन थाल्यो। र उहाँ...तर उहाँ वास्तवमै एउटा इसाई हुनुहुन्थ्यो। उहाँ विल्कुल, शतप्रतिशत सुनिनुहुन्थ्यो, एउटा इसाई। त्यो सहि हो। ठिक छ, मैले सोचे, “परमेश्वरको प्रशंसा होस्, यहाँ यो छ! म—म—म कतै त्यो वेदीमा पुग्नुपर्छ।

109 म बाहिर गए, चारैतिर सबै हेरे, मैले सोचे, “म अर्को मान्छेलाई खोज्छु।” र जब मैले उहाँलाई भेट्टाए र उहाँसंग बोल्न थाले, मैले भने, “तपाई कस्तो गर्दै हुनुहुन्छ, श्रीमान?”

110 उहाँले भन्नुभयो, “भन्नुहुन्छ, तपाई कुन मण्डलीको हुनुहुन्छ?” उहाँले भन्नुभयो, “तिनीहरुले मलाई तपाई ब्याप्टिष्ट हुनुहुन्छ भन्छन्।”

मैले भने, “हो।”

र उहाँले भन्नुभयो, “तपाईले अझैसम्म पनि पवित्र आत्मा पाउनुभएको छैन, होर?”

मैले भने, “अँ, मलाई थाहा छैन।”

भन्नुभयो, “के तपाईले कहिल्यै अन्यभाषामा बोल्नुभएको छ?”

मैले भने, “छैन, श्रीमान।”

भन्नुभयो, “तपाईले यो पाउनुभएको छैन।”

111 र मैले भने, “अँ, मलाई थाहा छ मैले त्यो पाएको छैन जुन तपाईहरु सबैले पाउनुभएको छ। त्यो मलाई थाहा छ।” र मैले भने, “तर, मेरो भाई, म साचै त्यसको चाह गरिरहेको छु।”

उहाँले भन्नुभयो, “ठिक छ, त्यहाँ—त्यहाँ पोखरी छ, तयार हुनुहुन्छ।”

112 मैले भने, “मैले बप्तिष्मा लिएको छु। तर,” मैले भने, “म—मैले तपाईहरु सबैले पाउनुभएको चिज पाएको छैन।” मैले भने, “तपाईहरुले केहि चिज पाउनुभएको छ जुन म—म वास्तवमै चाहन्छु।”

र उहाँले भन्नुभयो, “ठिक छ, त्यो राम्रो हो।”

113 मैले उहाँलाई समात्न खोज्दै थिए, तपाई देख्नुहुन्छ। र यदि म...जब मैले अन्ततः उहाँको आत्मा पाए, त्यो अर्को मान्छे थियो, यदि म कहिल्यै तल्लो–स्तरको पाखण्डीसंग बोलेको छु भने, त्यहाँ तिनीहरु मध्ये एक थियो। उहाँ बसिरहेको थियो...उहाँको श्रीमती कालो जातको हुनुहुन्थ्यो, उहाँ गोरोसंग बस्दै आएको थियो र उनीबाट दुईवटा बच्चा थियो। पिउने, श्राप दिने, रक्सि खाने ठाउँमा जाने, र सबैकुरा गर्ने, र अझै पनि त्यहाँ अन्यभाषामा बोल्ने र अगमवाणी गर्दै थियो।

114 त्यसपछि मैले भने, “प्रभु, मलाई क्षमा दिनुहोस्।” म घर गएँ। त्यो सहि हो। मैले भने, “म केवल...मैले यो बुझ्नै सकिन।आशिषित पवित्र आत्मा, त्यो पाखण्डीकोमा, झरिरहेको जस्तो देखिन्थ्यो।” मैले भने, “हुन सक्दैन! यो नै हो।”

115 यो लामो अवधिमा तब, म अध्ययन गर्दै र रुदै, विचार गरे कि यदि म तिनीहरुसंग बाहिर निस्किन पाए शायद यो सबै के को बारेमा हो भनि पत्ता लगाउन सक्थे होला। यहाँ एउटा छ, एउटा सच्चा इसाई; र अर्को एउटा, एउटा पक्का पाखण्डी। त्यसपछि मैले सोधे, “यसको के हो? ओ.” मैले भने, “परमेश्वर, शायद—शायद त्यहाँ ममा केहि खराबी छ।” र मैले भने, एउटा कट्टरवादि भएको नाताले, “त्यो...बाईबलमा यो हेरिनुपर्छ। यो हेरिनुपर्छ।”

116 मेरो लागि, जे पनि काम गर्छ त्यो यस बाईबलबाट आउनुपर्छ वा यो सहि हुनसक्दैन। यहाँबाट आउनुपर्दछ। यो बाईबलमा साबित गर्न सकिन्छ, केवल एउटा ठाउँमा मात्रै होइन, तर यो बाईबल मार्फत सबै तरिकाबाट आउनुपर्दछ। मैले यो विश्वास गर्नुपर्छ। यसले प्रत्येक धर्मशास्त्रसंग मिल्नु पर्छ र संगै बाँधिनु पर्छ नभए म यो विश्वास गर्दिन। र त्यसपछि, किनभने

पावलले भनेका छन्, “यदि स्वर्गबाट स्वर्गदुत आयो, र अर्कै सुसमाचार सुनाउछ भने, त्यो श्रापित होस्।” त्यसैले म बाईबल विश्वास गर्छु।

र मैले भने, “मैले बाईबलमा कहिल्यै पनि त्यस्तो केहि देख्न सकिन।”

117 दुई वर्ष पश्चात, मैले मेरी श्रीमती र सबैथोक गुमाईपछि, म माथि त्यहाँ ग्रिन मिलमा थिए, मेरो सानो पुरानो ठाउँ त्यहाँ माथि, प्रार्थना गरिरहेको थिए। त्यहाँ पछाडि म मेरो गुफामा दुई वा तिन दिनको लागि गएको थिए, यो दुई दिन थियो। म अलिकति श्वास फेर्नको लागि गएको थिए, हावाको श्वास लिन। र जब म त्यहाँ बाहिर निकेर गए, मेरो बाईबल त्यहाँ एउटा काठको छेउमा राखिएको थियो जस्तो तपाई भित्र आउनुहुन्छ। एउटा पुरानो रुख ढलेको थियो, त्यसमा काँटा थियो। अब, तपाई...काँटा *यसरी* माथि बसिरहेको थियो, र रुख चाहि तल ढलिरहेको थियो। र म त्यो रुखको काठमा एउटा खुट्टा काठमा र अर्को खुट्टा भुइँमा राखेर बसे, र रातको समयमा त्यहि पल्टिए, यसरी माथि आकाशमा हेर्दै, मेरो हात *यसरी* माथि राख्दै, र कुनैबेला त्यसरी नै ढलेको रुखमा पल्टेर, प्रार्थना गर्दै सुते। त्यहाँ माथि केहि दिन बस्नुहोस्, केवल केहि नखानुहोस् वा नपिउनुहोस्, केवल त्यहाँ प्रार्थना गर्दै। र म अलिकति ताजा हावा खाना बाहिर गए, त्यो गुफाबाट बाहिर; यो शितल थियो, त्यहाँ थोरै ओबानो थियो।

118 त्यसैले त्यसपछि म बाहिर निस्किए र त्यहाँ मेरो बाईबल बसिरहेको थियो जहाँ मसंग त्यो अघिल्लो दिन थियो, र यो हिब्रू, ६ अध्यायमा पल्टिरहेको थियो। र मैले त्यहाँ पढ्न थाले, “हामी एकै ठाउँमा राखौ...मा...सिद्धतामा जाओ, मृत्युतिर लैजाने कर्महरूबाट पश्चात्ताप र परमेश्वरमाथिको विश्वासका कुराको जग फेरि नबसालौं।” र त्यस्तै। “किनकि तिनीहरू, जसले एक चोटि ज्योति पाए, र पवित्र आत्माका सहभागी भएका छन्, र पवित्र आत्माका सहभागी भएका छन्।” र यस्तै। तर भन्यो, “तर त्यसैले काँढ़ा र सिउँड़ीहरू उमार्‍यो भने त्यो बेकम्मा हुन्छ, जसको अन्त्य...पानी...यसलाई उमार्न र तयार पार्न पृथ्वीमा वर्षा आउछ तर जुन त्यसैले—काँढ़ा र सिउँड़ीहरू उमार्‍यो भने त्यो बेकम्मा हुन्छ, र परमेश्वरको सराप पर्न सक्छ। अन्त्यमा त्यो जलाइन्छ।”

र केहि कुरा गयो, “हुस!”

119 मैले सोचे, "यो यहाँ छ। म सुन्नेछु अब जे केहि पनि उहाँले...उहाँले मलाई यहाँ जगाउनुभयो, उहाँले मलाई ठिक अहिले एउटा दर्शन दिनलाई तयार गर्दैहुनुहुन्छ।" त्यो रुखको अन्त्यमा मैले त्यहाँ पर्खिरहे, र पर्खिरहे। म उठे र पछाडि र अगाडि, माथि र तल हिडे। पछाडि हिडे, केहि पनि भएन। मेरो गुफामा फेरी गए, केहि पनि भएन। म त्यहाँ उभिए, मैले भने, "ठिक छ, यो के हो?"

120 म मेरो बाईबलनिर फेरी गए, र, ओ, यो फेरी मकहाँ आयो। मैले यो टिपे, र मैले सोचे, "यहाँ भित्र के छ जुन मैले पढोस् भन्ने उहाँले चाहनुहुन्छ?" मैले तल "परमेश्वर प्रति पश्चाताप, र विश्वास," र अन्य त्यस्तैसम्म पढे, र मैले तल पढे जहाँ यसले भनेको छ, "वर्षा पृथ्वीमा यस्लाए उमार्नको लागि आउँछ र यो के उमार्नको लागि हो त्यसको लागि यसले तयार पार्छ, किनकि यहाँ, तर काँढ़ा र सिउँड़ीहरू जो बहिस्कारको लागि हुन्छ जो अन्त्यमा जलाइन्छ।" र, ओ, यसले मलाई केवल हल्लाउथ्यो!

121 र मैले सोचे, "प्रभु, के तपाईले मलाई एउटा दर्शन दिन जाँदै हुनुहुन्छ जसको..." म त्यहाँ उहाँलाई केहि अर्को कुरा माग्नको लागि गएको थिए।

122 र त्यसपछि अचानक, मेरो अगाडि, मैले संसार घुमिरहेको देखे, र यो सबै घुमिरहेको थियो। र यहाँनिर सेतो, आफ्नो शिर माथि भएको, वीऊ यसरी रोदी गएको एउटा मान्छे देखे। र जब उनी गए, आउदै, जसै ऊ डाँडामाथि गयो, यहाँ उसको पछाडि अर्को मान्छे आयो, कालो लुगा लगाएको, उसको शिर तल थियो, वीऊ रोप्दै, र जब असल वीऊ उम्र्यो, यो गहुँ थियो; र जब खराब वीऊ आयो, यो सामा थियो।

123 र त्यसपछि पृथ्वीमा ठूलो खडेरी आयो, र गहुँको आफ्नो टाउँको माथि झुण्डिरहेको थियो, लगभग नाश हुन लागेको, पानी खोज्दै थियो। र मैले सबै मानिसहरु आफ्नो हात उठाईरहेको देखे, परमेश्वरलाई पानी पठाईदिनको लागि प्रार्थना गररहेका थिए। र त्यसपछि सामा देखे, यसको टाउको तल थियो, पानीको लागि झुकिरहेको। र त्यसपछि ठूलो बादलहरु आउछ र वर्षा भर्खरै झर्छ। र जब यो भयो, सानो गहुँ जुन बांगिएको थियो, "ह्विस," ठिक ठाडो उभियो। र सानो सामा तिह्क यसको छेउमा गयो, "ह्विस," ठिक ठाडो उभियो।

मैले सोचे, “ठिक छ, त्यो केहि हो?”

124 त्यसपछि यो ममा आयो। त्यहाँ यो छ। त्यहि पानी जसले गहुँलाई हुर्कने बनाउछ, सामालाई नि हुर्काउछ। र उहि पवित्र आत्मा मानिसहरुको झुण्डमा झर्न सक्छ, र एउटा पाखण्डीलाई उत्तिकै आशिष दिनसक्नुहुन्छ जत्तिको उहाँलाई अरुलाई आशिष दिनुहुन्छ। येशूले भन्नुभयो, “तिनीहरुको फलद्वारा तिमीहरुले तिनीहरुलाई चिन्नेछौ।” यो होइन कि चाहे उसले करायो, चाहे उसले आनन्द मनायो, तर “यो उसको फलद्वारा तिमीले उसलाई चिन्नेछौ।”

125 मैले भने, “त्यहाँ तपाई हुनुहुन्छ!” “मैले यो बुझे, प्रभु।” मैले भने, “त्यसोभए त्यो साचै नै सत्य हो।” त्यो मानिस...परमेश्वरलाई नचिनिकन पनि तपाईसंग वरदान हुनसक्छ।

126 त्यसैले त्यसपछि म त्यसपछि म अन्यभाषाहरुमा बोल्ने कुरामा धेरै आलोचनात्मक भईरहेको थिए, तपाई देख्नुहुन्छ। तर एकदिन, त्यसपछि, कसरी परमेश्वरले मलाई त्यो प्रमाणित गर्नुभयो!

127 मैले तल नदिमा बप्तिष्मा दिदै थिए, मेरो पहिलो परिवर्तन भएको मानिस, ओहाईयो नदि, र सत्रौ व्यक्तिलाई बप्तिष्मा दिदै थिए, जसै मैले उसलाई बप्तिष्मा दिन थाले, मैले भने, “पिता, जस्तो म उसलाई पानीले बप्तिष्मा दिदैछु, तपाईले उहाँलाई पवित्र आत्माले बप्तिष्मा दिनुहोस्।” मैले उसलाई—उसलाई पानी मुनि हाल्न थाले।

128 र ठिक तब आकाशबाट एउटा चक्रवात आयो, र यहाँ ज्योति आयो, तल चम्किदै। तटमा सयौ र सयौ मानिसहरु थिए, दिउसोको ठिक दुई बजे, जुनमा। र यो ठिक त्यहाँ निर आएर झुण्डियो जहाँ म थिए। एउटा आवाजले त्यहाँबाट बोल्यो, र भन्यो, “जसरी बप्तिष्मा दिने यूहन्ना ख्रीष्टको पहिलो आगमनको लागि बाटो तयार पार्नको लागि पठाईएको थियो, तिमीसंग एउटा...सन्देश छ जसले ख्रीष्टको दोस्रो आगमनको लागि बाटो तयार पार्नेछ।” र यसले मलाई मरेतुल्य पार्ने गरि डर दियो।

129 र म फर्केर गए, र सबै मानिसहरु त्यहाँ, मिस्त्री—गर्ने पुरुष र तिनीहरु सबैजना, कुलतमा लागेकाहरु, र तिनीहरु सबैजना किनारमा थिए। मैले त्यो दिउँसो लगभग दुई वा दिन सयजनालाई बप्तिष्मा दिएको थिए। र जब

तिनीहरुले मलाई बाहिर निकाले, पानीबाट मलाई बाहिर ताने, डिकनहरु र अन्य माथि गए, तिनीहरुले मलाई सोधे, भने, "त्यो ज्योतिको अर्थ के थियो?"

130 अश्वेत मानिसहरुको एउटा ठूलो समूह—जो त्यहाँ तल गिल्ज एज ब्याप्टिष्ट मण्डली र लोनस्टार मण्डलीबाट आएका थिए, र ती मध्ये धेरै जसो त्यहाँ तल थिए, तिनीहरुले त्यो घटना भएको देख्दा तिनीहरु चिच्याउन थाले, मानिसहरु बेहोस भए।

131 एउटा केटि जसलाई मैले त्यहाँ एउटा डुंगाबाट निकाल्ने कोशिष गर्दैथिए, जो पौडि खेल्दाको लुगामा बसिरहेकि थिईन्, मण्डलीमा एउटा सन्डे स्कूलको शिक्षक, र मैले भने, "के तिमी बाहिर आउदैनौ, मार्गी?"

उनले भनिन्, "बिल्ली, म बाहिर निक्सिनु पर्दैन।"

132 मैले भने, "त्यो सहि हो, तिमी निस्किनु पर्दैन, तर मैले बप्तिष्मा दिईरहेको ठाउँबाट निस्किन मसंग सुसमाचारको लागि प्रशस्त सम्मान छ।

उनले भने, "मसंग छैन।"

133 र जब उनी त्यहाँ बसिरहेकी थिईन्, मैले बप्तिष्मा दिईरहेकोमा जिस्काउदै र हास्दै, किनकि उनले बप्तिष्मामा विश्वास गर्दिन थिईन्, त्यसैले तब जब प्रभुको स्वर्गदूत तल आउनुभयो उनी डुंगामा अघि बढिन्। आज केटि पागल संस्थामा छिन्। त्यसैले तपाई परमेश्वरसंग खेल्न सक्नुहुन्न। बुझ्नुभयो? अब, पछि...एउटा सुन्दर केटि, पछि रक्सी पिउन तर्फ लागिन्, बोतलको प्रहारमा परिन्, बियर—बियरको बोतलले, उनको सबै अनुहार नै काटियो। ओ, एउटा भयानक–देखिने व्यक्ति! र त्यहाँ त्यो भयो।

134 र त्यसपछि जीवनभर म त्यो देख्छु, त्यो चलिरहेको देख्छु, त्यो दर्शन देख्छु, कसरी ती कुराहरु हुनेछन्। त्यसपछि, केहि समय पछि, यसले मलाई धेरै सताईरह्यो, र सबैले मलाई यो गलत थियो भनिरहेका थिए। र म मेरो पुरानो घरेलु मैदानमा लग्यो, त्यहाँ माथि जहाँ मैले सधै प्रार्थना गर्थे। र म...त्यो नआउनको निम्ति मैले जति नै प्रार्थना गरे पनि, यो जसरी नि आउछ। र त्यसैले म केवल...म—म इन्डियानाको राज्यमा खेल पाले थिए। र म भित्र आए, त्यहाँ एक जना मानिस बसिरहेको थियो, मण्डलीमा

मेरो पियानोवादकको भाई थियो। र उसले भन्यो, “बिल्ली, यो दिउँसो के तपाई मसंग म्याडिसनसम्म जानुहुन्छ?”

मैले भने, “म जान सक्दिन, म माथि वनमा जानुपर्नेछ।”

135 र म...भर्खर घर वरपर आएर मेरो पेटी निकाल्दै तिह्ये, बन्दुकको बेल्ट र अरु कुराहरु, र मेरो बाउलाहरु माथि तान्दै। हामीहरु सानु दुई कोठे घरमा बस्थ्यौ, र म हात धुनलाई र मेरो नास्ता तयार गर्न जाँदैथिए। र मैले धोएको थिएँ, र घरको छेउमा वरपर हिड्दै थिए, एउटा—एउटा ठूलो फिरफिरेको रुख थियो, र एकैचोटी केहि कुरा गयो, “हुस!” र लगभग नाघ्न लागिसकेको थियो। र मैले हेरे, र मैले थाहा पाएँ कि यो फेरी त्यहि थियो।

136 म ती पाईलाहरुमा टेके, र ऊ आफ्नो कारबाट हामफाल्यो र मकहाँ आएर, भन्यो, “बिल्ली, के तिमी बेहोसीमा छौ?”

मैले भने, “होइन, श्रीमान्।”

उसले भन्यो, “के भयो, बिल्ली?”

137 र मैले भने, “मलाई थाहा छैन।” मैले भने, “केवल अगाडि जाऊ, भाई, त्यो ठिक छ। तिमीलाई धन्यवाद।”

138 मेरी श्रीमती बाहिर आईन् र एक भाडा पानी ल्याईन्, उनले भनिन्, “प्रिय, के भयो?”

मैले भने, “केहि पनि होइन, प्रिय।”

139 त्यसैले उनले भनिन्, “आउनुहोस्, रातको खाना तयार छ,” र उसको हातले मलाई अंगालिन्, मलाई भित्र ल्याउन खोज्दै।

140 मैले भने, “प्रिय, म—म तिमीलाई केहि कुरा भन्न चाहन्छु।” मैले भने, “तिमीले तिनीहरुलाई कल गर र तिनीहरुलाई भनिदेऊ म आज दिउसो त्यहाँ बाहिर हुनेछैन।” मैले भने, “मेडा, प्रिय,” मैले भने, “मलाई थाहा छ मेरो हृदयमा म येशू ख्रीष्टलाई प्रेम गर्छु। मलाई थाहा छ कि म मृत्युबाट जीवनमा गएको छु। तर मसंग शैतानको केहि पनि भएको म चाहन्न।” र मैले भने, “म यसरी गईरहन सक्दिन; म एक कैदि हुँ।” मैले भने, “हरेक पटक, जब यी कुराहरु भईरहन्छ, यस्तो खालको कुराहरु, र यी दर्शनहरु आईरहदा, र यस्तै यस्तै। वा, यो जे पनि हो,” मैले भने, “यो मलाई

हुन्छ।" मलाई थाहा थिएन यो एउटा दर्शन थियो भनि। मैले यसलाई दर्शन भनेको थिईन। मैले भने, "यस्तो बेहोसीहरु जस्तो," मैले भने, "मलाई थाहा छैन त्यो के हो। र, प्रिय, म—म—म—म यसबाट मूर्ख हुन चाहन्न, तिनीहरु—तिनीहरुले मलाई यो शैतान हो भने। अनि मैले प्रभु येशूलाई प्रेम गर्छु।"

141 "ओ," उनले भनिन्, "बिल्ली, तिमीलाई मानिसहरुले के भन्छ त्यो सुन्नु हुदैन।"

142 मैले भने, "तर, प्रिय, अरु प्रचारकहरुलाई हेर।" मैले भने, "म—म यो चाहन्न।" मैले भने, "म जंगलमा मेरो ठाउँमा जाँदैछु। मसंग लगभग पन्ध्र डलर छ, तिमीले बिल्लीको ख्याल राख।" त्यसबेलामा बिल्ली एउटा सानो केटा थियो, एउटा सानो फुच्चे साथी। मैले भने, "तिमी—तिमी लिऊ...केहि बेर जिउनको लागि, तिमी र बिल्लीको लागि त्यो काफि छ। तिनीहरुलाई कल गर र तिनीहरुलाई भनिदेऊ कि म—म भोलि फर्कन सक्छु, र शायद म कहिल्यै पनि फर्केर नआउन पनि सक्छु। यदि म अर्को पाँच दिनसम्म फर्केर आईन भने, मेरो ठाउँमा एउटा मान्छेलाई राख।" र मैले भने, "मेडा, म त्यो जंगलबाट कहिल्यै बाहिर आउनेछैन जबसम्म परमेश्वरले मलाई त्यो चिज मबाट टाढा लान्छु र फेरी कहिल्यै यो हुन दिन्न भनि प्रतिज्ञा गर्नुहुँदैन।" मान्छे कति अज्ञानी हुनसक्छ भनि सोच्नुहोस्।

143 र त्यो रात म त्यहाँ गए। एर्को दिन हुन भन्दा अगाडि, म सानो एउटा झुपडीमा गए; यो एकप्रकारको ढिलो भईसकेको थियो। अर्को दिन मेरो शिविरमा जानेवाला थिए, माथि...टाढा डाँडाको वरपर, वा पर्वत तिर, बरु, र त्यहाँ माथिको जंगलमा जाने। मलाई लाग्दैन कि एफ.बि.आई ले मलाई त्यहाँ माथि भेट्टाउनसक्छ भनेर। त्यसैले यो सानो पुरानो झुपडी...त्यो दिनभरि म प्रार्थना गरिरहे र यो धेरै अध्याँरो हुन भन्दा अगाडि। म प्रार्थना गर्थे, त्यहाँ बाईबल पढ्दै थिए जहाँ यो भनेको थियो, "अगमवक्ताहरुको आत्मा अगमवक्तामा सुम्पिएको हुन्छ।" मैले त्यो बनाउन सकिन। त्यसैले पुरानो झुपडीमा धेरै नै अध्याँरो भयो।

144 जहाँ म सानो केटा छँदा फस्ने गर्थे, त्यहाँबाट जालको रेखा थियो, र त्यहाँ माथि जाने र माछा मार्ने र पुरै रात त्यहि बस्ने गर्थे। केवल एउटा पुरानो

जीर्ण झुपडी त्यहाँ बसिरहेको, वर्षौं देखि त्यहाँ छ। कुनै भाडामा दिनुभन्दा अगाडि नै यो हुन आएको होला।

145 र त्यसैले म—म केवल त्यहाँ कुरिरहेको थिए। र मैले सोचे, “ठिक छ।” एक बजे, दुई बजे, तिन बजे बिहान तिर लागे, म भुइँमा तल र माथि हिडिरहेको थिए, पछाडि र अगाडि हिड्दै। म पुरानो मेचमा त्यहाँ बसे, एउटा सानो…मेच होइन, समानहरु भएको एउटा सानो पुरानो बाकसमा। र म त्यहाँ तल बसे, र मैले सोचे, “ओ परमेश्वर, तपाईले मलाई किन यस्तो गर्नुहुन्छ?” मैले भने, “पिता, तपाई जान्नुहुन्छ म तपाईलाई प्रेम गर्छु। तपाईलाई थाहा छ कि म तपाईलाई प्रेम गर्छु! र म—म—मलाई शैतानले समातेको म चाहन्न। ती कुराहरु मलाई भएको म चाहन्न। विन्ती छ परमेश्वर, फेरी यो कहिल्यै पनि हुन नदिनुहोस्।”

146 मैले भने, “म—म तपाईलाई प्रेम गर्छु। म नरक जान चाहन्न। यदि म गलत छु भने, मैले प्रचार र कोशिष गरेको, र मेरा प्रयासहरु अगाडि बढाउनु के फाईदा? र मैले आफैलाई मात्रै नरकतिर लाँदै छैन, म अरु हजारौलाई भ्रमित पार्दैछु।” या, अन्य सयौलाई, ती दिनहरुमा। र मैले भने…मेरो ठूलो सेवकाई छ। र मैले भने, “ठिक छ, म—म यो फेरी पनि मसंग कहिल्यै भएको चाहन्न।

147 र म यो सानो मेचमा तल बसे। र म केवल बसिरहेको थिए, ओ, यस प्रकारको स्थितिमा, ठ्याक्कै *त्यस्तो।* र, सबै एकैचोटी, मैले कोठामा हल्का बत्तिको झिल्का देखे। र मैले सोचे कि कोहि फ्ल्यास गर्ने बत्ति लिएर आईरहेको छ। र मैले चारैतिर हेरे, म र मैले सोचे, “ठिक छ…” र यहाँ यो थियो, ठिक मेरो अगाडि। र पुरानो काठको बोर्डहरु भुइँमा थियो। र त्यहाँ यो थियो, ठिक मेरै अगाडि। यो कुनामा एउटा सानो पुरानो ड्रम चुलो थियो, माथिको भाग यो बाट च्यातिएको थियो। र—र ठिक *यहाँनिर* त्यहाँ एउटा—एउटा बत्ति थियो भुइँमा, र मैले सोचे, “अँ, त्यो कहाँ हो? अँ, त्यो आईरहेको हुनसक्दैन…”

148 मैले चारैतिर हेरे। र यहाँनिर मेरो माथि यो थियो, *यो* उहि ज्योति, ठिक मेरो माथि, ठ्याक्कै *त्यसरी* झुण्डिरहेको थियो। एउटा आगो जसरी वरपरी घुम्दै, यो एक प्रकारको हरियो रंगमा, जाँदै, “हुस, हुस, हुस!” त्यसरी,

ठिक यसको माथि, त्यसरी। र मैले त्यसमा हेरे। मैले सोचे, “त्यो के हो?” अब, यसले मलाई तर्सायो।

149 मैले कोहि आईरहेको सुने, [भाई ब्रन्हामले देखाउनुहुन्छ—सम्पा] केवल हिड्दै, मात्रै, यो खाली खुट्टा थियो। र मैले भित्र आएको एउटा मान्छेको खुट्टा देखे। यो कोठामा अन्धकार थियो, सबै अन्धकार तर ठिक यहाँ तल यो चम्किरहेको थियो। र मैले आईरहेको मान्छेको खुट्टा देखे। र जब उहाँ कोठा भित्र आउनुभयो, हिडेर, उहाँ लगभग यस्तो मान्छे हुनुहुन्थ्यो... हेर्दा करिब दुई सय पाउण्डको वजन थियो। उहाँले आफ्नो हात *यसरी* बाँध्नुभएको थियो। अब, मैले यो चक्रवातमा देखेको थिए, मैले यो मसंग बोलेको सुनेको थिएँ, र यसलाई एउटा ज्योतिको रुपमा देखेको थिएँ, तर पहिलो पटक जब मैले यसको प्रतिरूप देखेको थिए। यो मसम्म हिडेर आयो, साच्चै नै नजिक।

150 ठिक छ, इमानदार मित्रहरु, म—मैले सोचेको थिए कि मेरो मुटुले काम गर्न छोड्ने छ। म...केवल कल्पना गर्नुहोस्! आफैलाई त्यहाँ राख्नुहोस्, यसले तपाईलाई पनि उस्तै महसूस गर्ने बनाउथ्यो। तपाई हुनसक्छ म भन्दा पनि टाढा बाटोमा हुनुहुन्छ होला, धेरै समय देखि इसाई भएको हुनसक्छ, तर यसले तपाईलाई त्यो तरिकामा महसूस गर्ने बनाउथ्यो। किनकि सयौ र सयौ पटक भेट गरे पछि, यसले मलाई कुजो गराउँछ जब उहाँ नजिक आउनुहुन्छ। यसले कहिलेकाहि मलाई यो समेत बनाउँछ...म लगभग पूर्ण रुपले बितेको थिए, केवल यति कमजोर जब म धेरै पटक मंच छोडेर जान्छु। यदि म धेरै लामो बेर बसे भने, म पुरै नै सिद्धिन्थे। यसले मलाई चारैतिर घण्टौसम्म लान दिएको छु, म कहाँ थिए भन्ने समेत जान्दिन थिए। र म यो व्याख्या नै गर्न सक्दिन। यहाँ बाईबलमा पढ्नुहोस्, र यसले यो व्याख्या गर्नेछ, यो के हो भनेर। धर्मशास्त्रले यहि भन्छ।

151 त्यसैले म त्यहाँ बसिरहेको थिए र उहाँलाई हेर्दै थिए। म—मैले मेरो हात एक प्रकारले *त्यसरी* उठाएको थिए। उहाँले मलाई हेर्दै हुनुहुन्थ्यो, उत्तिकै खुसी हुनुहुन्थ्यो। तर उहाँको साँच्चै नै गहिरो आवाज थियो, र उहाँले भन्नुभयो, “नडराऊ, म सर्वशक्तिमान परमेश्वरको उपस्थितिबाट पठाईएको हुँ।” र जब उहाँले बोल्नुभयो, त्यो आवाज, त्यो त्यहि आवाज थियो जसले

म दुई वर्षको हुँदा बोल्नुभएको थियो, त्यहाँ माथि। मलाई थाहा थियो त्यो उहाँ हुनुहुन्थ्यो भनि। र मैले सोचे, “अब...”

152 र यो सुन्नुहोस्। अब संवादलाई सुन्नुहोस्। यो मैले सकेसम्मको राम्रो उद्धृत गर्नेछु, जानेर, शब्द पछि शब्द लिएर, किनकि म शायदै सम्भन्छु।

153 उहाँ...मैले भने...उहाँलाई त्यसरी हेरे। उहाँले भन्नुभयो, “नडराऊ,” चुप भए, भन्नुभयो, “म सर्वशक्तिमान परमेश्वरबाट पठाईएको हुँ, तिम्रो अनौठो जन्मको बारेमा बाताउन...” जस्तो तपाईलाई थाहा छ मेरो जन्म त्यहाँ माथि कस्तो भएको थियो। त्यो उहि उज्यालो माथि भुण्डिएको थियो जब म पहिलो जन्मेको थिए। र त्यसैले उहाँले भन्नुभयो, “तिम्रो अनौठो जन्म र गलत बुझिएको जीवन ले संकेत गर्छ कि तिमी सारा संसारमा गएर बिरामीहरुलाई प्रार्थना गर्नुपर्नेछ।” र भन्नुभयो, “र तिनीहरुसंग जे भए पनि...” र उहाँले नियुक्त गर्नुभयो। परमेश्वर, जो मेरो न्यायकर्ता हुनुहुन्छ, उहाँ जान्नुहुन्छ। कि, उहाँले “क्यान्सर।” तोक्नुभयो। भन्नुभयो, “केहि छैन...यदि तिमीले मानिसहरुलाई विश्वास गर्ने बनायौ, र प्रार्थना गर्दा इमानदार रहन्छौ भने, तिम्रो प्रार्थनाको अगाडि के पनि खडा हुनेछैन, यहाँसम्म कि क्यासर पनि बस्ने छैन।” बुझ्नुभयो, “यदि मानिसहरुले तिमीमा विश्वास गर्ने बनाउन सक्यौ भने।”

154 र उहाँ मेरो शत्रू होइन, उहाँ मेरो मित्र हो भन्ने मैले देखे। र मलाई थाहा थिएन कतै—कतै म मार्दैथिए वा के भईरहेको थियो जब उहाँ मकहाँ त्यसरी आउदै हुनुहुन्थ्यो। र मैले भने, “ठिक छ, महोदय,” मैले भने, “म...,” मलाई चंगाईहरु र त्यस्ता कुराहरु, ती वरदानहरुको बारेमा के थाहा थियो? मैले भने, “ठिक छ, महोदय, म एउटा...म—म एउटा गरिब मानिस हुँ।” र मैले भने, “म मेरा मानिसहरु माझ छु। म—म मेरा मानिसहरु संग बस्छु जो गरिब छन्। म अशिक्षित छु।” र मैले भने, “र म—म—म सक्षम हुनेछैन, तिनीहरुले—तिनीहरुले मलाई बुझ्ने छैनन्।” मैले भने, “तिनीहरु—तिनीहरुले सुन्नेछैनन्—तिनीहरुले मलाई सुन्नेछैनन्।”

155 र उहाँले भन्नुभयो, “जसरी अगमवक्ता मोशालाई दुईटा वरदान दिईएको थियो, चिन्हहरु,” अथवा, “उसको सेवकाई प्रमाणित गर्न, त्यसरी नै तिमीलाई दुईटा—त्यसरी नै तिम्रो सेवकाई प्रमाणित गर्न तिमीलाई दुईवटा

वरदानहरु दिईको छ।” उहाँले भन्नुभयो, “त्यो मध्ये एउटा यो हो कि तिमीले हात समातेर प्रार्थना गरिरहेको व्यक्तिलाई लिनेछौ, तिम्रो देब्रे हातले र तिनीहरुको दाहिने हात हुनेछ,” र भन्नुभयो, “त्यसपछि केवल शान्त बस, र यसको हुनेछ...त्यहाँ तिम्रो शरीरमा शारीरिक असर हुनआउनेछ।” र भन्नुभयो. “त्यसपछि तिमीले प्रार्थना गर। र यदि यसले छोड्यो भने, मानिसबाट रोग हट्नेछ। यदि यसले छोडेन भने, केवल एउटा आशिष माग र त्यहाँबाट हिड।”

“ठिक छ,” मैले भने, “महोदय, तिनीहरुले मलाई स्वीकार गर्नेछैनन् भन्ने कुरामा मलाई डर छ।”

156 उहाँले भन्नुभयो, “र अर्को कुरा जुन हुनेछ, यदि तिनीहरुले त्यो सुनेनन् भने, त्यसो हो भने तिनीहरुले यो सुन्नेछन्।” भन्नुभयो, “त्यसपछि यो हुन आउनेछ कि तिमीले तिनीहरुको हृदयको गुप्त कुरा थाहा पाउनेछौ।” भन्नुभयो, “यो तिनीहरुले सुन्नेछन्।”

157 “ठिक छ,” मैले भने, “श्रीमान, त्यसैको लागि नै म आज यहाँ छु। मलाई मेरा पादरीहरुले भनेका थिए कि ती कुराहरु जुन ममा आईरहेको छन् त्यो गलत हो।”

158 उहाँले भन्नुभयो, “तिमी यहि उदेश्यको लागि यस संसारमा जन्मेका हौ।” (हेर्नुहोस्, “वरदानहरु र बोलावट पश्चाताप बिना नै हो।”) उहाँले भन्नुभयो, “तिमी यहि उदेश्यको लागि यस संसारमा जन्मेका हौ।”

159 र मैले भने, “ठिक छ, महोदय,” मैले भने, “त्यो, मेरा पादरीहरुले मलाई यसो भने, कि यो—यो दुष्ट आत्मा हो।” र मैले भने, “तिनीहरु... त्यसैकारणमा यहाँ प्रार्थना गर्दैछु।”

160 र यहाँ छ जे उहाँले मलाई उद्धृत गर्नुभयो। उहाँले मलाई प्रभु येशूको आगमनको बारेमा बताउनुभयो, उहाँको पहिलो पटक। र मैले भने...

161 अनौठो कुरा थियो, मित्रहरु...ठिक छ, म ठिक यहाँ एक मिनेटको लागि रोक्छु, पछाडि फर्कन्छु। जसले मलाई पहिले भन्दा धेरै नै डराउने बनाएको थियो, हरेक पटक मैले ज्योतिषीलाई भएछु, तिनीहरुले केहि भयो भने थाहा पाउछन्। र त्यसले केवल...यसले मलाई झन्डै मार्यो।

162 उदाहरणको लागि, एकदिन म र मेरो भाईहरु (काकाको छोरा) र म तल एउटा—एउटा कार्निवल मैदानबाट भएर जाँदै थियौ, र हामी केटाहरु मात्रै थियौ, हिडिरहेका थियौ। त्यसैले त्यहाँ यी पालहरु मध्ये एउटामा एउटा सानो वृद्धा ज्योतिषी थियो, एकजना जवान महिला, सुन्दर–देखिने जवान युवती, उनी त्यहाँ बसिरहेकी थिईन्। र हामीहरु सबै हिडेर, गईरहेका थियौ। उनले भनिन्, "भनौ, तपाई, यहाँ एक मिनेटको लागि आउनुहोस्!" र त्यहाँ हामी तिनजना केटाहरु फ़र्कियौ। र उनले भनिन्, "तिमी धर्के खालको स्विटर लाउनेचाहि।" त्यो म थिएँ।

163 र मैले भने, "हो, म्याम?" मैले सोचेको थिए कि शायद उनले गएर एउटा कोक लिन चाहनुभएको होला, वा केहि अर्को त्यस्तै कुरा। र उनी एउटा—एउटा जवान युवती थिईन्, हुनसक्छ शायद उनको प्रारम्भिक बिस वर्षमा, वा केहि त्यस्तै, त्यहाँ बसिरहनु भएकि थिईन्। र माथि गए, मैले भने, "हजुर, म्याम, म तपाईको निम्ति के गर्नसक्छु?"

164 र उनले भनिन्, "भनौ, के तिमीलाई थाहा छ त्यहाँ एउटा—एउटा प्रकाश छ जसले तिमीलाई पछ्याउछ? तिमी एउटा निश्चित चिन्ह अन्तर्गत जन्मेको थियौ।:

मैले भने, "तपाईले के भन्न खोज्नुभएको?"

165 उनले भनिन्, "ठिक छ, तिमी एउटा निश्चित चिन्ह सहित जन्म्यौ। त्यहाँ एउटा ज्योति छ जसले तिमीलाई पछ्याउछ। तिमी एउटा ईश्वरीय बोलावटको लागि जन्मेका हौ।"

मैले भने, "यहाँबाट दूर जानुहोस्, महिला!"

166 म अगाडि बढ्न थाले, किनभने मेरी आमाले मलाई सधै भन्नुहुन्थ्यो क ती कुराहरु शैतान को हो। उनी सहि थिएन्। त्यसैले म...त्यसले मलाई तर्साएको थियो।

167 र एकदिन जबम खेल पाले थिए, जब म माथि बसमा गईरहेको थिए। र म बसमा पसे। सधै आत्माको अधिनमा रहेको जस्तो देखिन्थ्यो। म त्यहाँ उभिरहेको थिए, र यो नाविक मेरो पछाडि उभिरहेको थियो। र म त्यहाँ गस्ती गर्नको लागि जाँदै थिए, र म माथि हेनरिभिल वनमा, बसबाट जाँदैथिए। मलाई केहि अनौठो कुरा महसूस भईरह्यो। मैले त्यहाँ चारैतिर हेरे, र त्यहाँ

राम्रो लुगा लगाएकि, एउटा—एउटा महान् ठूली भारी महिला बसिरहेकी थिईन्। उनले भनिन्, “तिमीलाई कस्तो छ?”

मैले भने, “तपाई कस्तो हुनुहुन्छ!”

168 मैले सोचेको थिए कि यो केवल एउटा महिला हुनुहन्छ, तपाईलीए थाहा छ, कुरा गर्दै, त्यसैले म...उनले भनिन्, “म तिमीसंग एक मिनेट कुरा गर्न चाहन्छु।

मैले भने, “हो, म्याम?” म चारैतिर फर्किए।

उनले भनिन्, “के तिमीलाई थाहा च तिमी एउटा चिन्ह अन्तर्गत जन्मेको थियौ?”

169 मैले सोचे, “ती मध्ये अर्को हास्यास्पद महिला।” त्यसैले मैले हेरे मात्रै। र त्यसैले मैले एउटा शब्द पनि बोलिन, केवल...

170 उनले भनिन्, “के म तिमीसंग एक मिनेट बोल्नसक्छु?” म केवल गईराखे...उनले भनिन्, “त्यस्तो व्यवहार नगर।”

171 म केवल अगाडि हेरिरहे। मैले सोचे, “त्यो एउटा सज्ञन मान्छे जस्तो होइन।”

उनले भनिन्, “म तिमीसंग मात्रै एक क्षण बोल्न चाहन्छु।”

172 म मात्रै अगाडि हेरिरहे, र मैले उनलाई कुनै वास्ता दिईन। सिधा मैले सोचे, “मलाई विश्वास छ कि म हेर्नेछु शायद उसले पनि अरुले जस्तै नै भन्नेछ कि।” म फर्किए, मैले सोचे, “ओ, मेरो! त्यसले मलाई ब्याकुल बनायो, मलाई थाहा छ।” किनभने, म त्यो सोच्न मन पराउदिन थिए। पछाडि फर्किए।

173 उनले भनिन्, “शायद मैले आफैअलई राम्रोसंग व्याख्या गर्नसक्छु।” उनले भनिन्, “म एक ज्योतिषी हुँ।”

मैले भने, “मैले सोचेको थिएँ कि यस्तै केहि हौं।”

174 उनले भनिन्, “म मेरो केटा लाई हेर सिकागो जाँदैछु जो एउटा ब्याप्टिष्ट सेवक हो।”

मैले भने, “हो, म्याम।”

175 उनले भनिन्, “के कसैले तिमीलाई कहिल्यै भनेको थियो कि तिमी एउटा चिन्हसहित जन्मिएको थियौ?”

176 मैले भने, “छैन, म्याम।” मैले त्यहाँ उहाँलाई झुट बोले, बुझ्नुभयो, र मैले भने...केवल हेर्न चाहन्थे कि उनले भन्नेछन्। र उनले भनिन्...मैले भने, “छैन, म्याम।”

र उनले भनिन्, “के...के सेवकहरुले तिमीलाई कहिल्यै भनेका छैनन्?”

मैले भने, “मेरो सेवकहरुसंग कुनै सरोकार नै छैन।”

र उनले भनिन्, “अँ–ह।”

र मैले भने...उनले—उनले मलाई भनिन्...मैले भने, “ठिक छ...”

177 उनले भनिन्, “यदि मैले तिमीलाई ठ्याक्कै तिमी कहिले जन्मेको हौ भनिदिए भने, के तिमी मलाई विश्वास गर्छौ?”

मैले भने, “होइन, म्याम।”

र उनले भनिन्, “ठिक छ, म तिमीलाई भन्न सक्छु तिमी कहिले जन्मेको थियौ भनि।”

मैले भने, “म यो विश्वास गर्दिन।”

178 र उनले भनिन्, “तिमी एप्रिल ६, १९०९ मा, बिहानको पाँच बजे जन्मेको हौ।”

179 मैले भने, “त्यो सहि हो।” मैले भने, “तपाईलाई त्यो कसरी थाहा भयो?” मैले भने, “यो नाबिकको बारेमा भन्नुहोस उहाँ कहिले जन्मनुभयो भनि।”

भनिन्, “म सक्दिन।”

र मैले भने, “किन? तपाईले कसरी थाहा पाउनुभयो?”

180 भनिन्, “हेर, महोदय।” उनले भनिन्, जब उनले यो खगोल विज्ञानको बारेमा अहिले कुरा गर्न थालिन्, र उनले भनिन्, “हरेक धेरै वर्षमा...” भनिन्, “याद गर त जब बिहानको तारा आउनुभयो, जसले ज्ञानी मानिसहरुलाई येशू ख्रीष्टसम्म डोहोर्यायो?”

181 र म एक प्रकारले रोकिए, तपाईलाई थाहा छ, मैले भने, “ठिक छ, मलाई धर्मको बारेमा केहि पनि थाहा छैन।”

182 र उनले भनिन्, “ठिक छ, तिमीले येशूलाई हेर्नलाई विद्वान मानिसहरु आएका सुनेको छौ।”

मैले भने, “हो।”

र उनले भनिन्, “ठिक छ, विद्वान मानिसहरु के थिए?”

“ओ,” मैले भने, “मैले जानेको, तिनीहरु केवल विद्वान मानिसहरु थिए।”

183 उनले भनिन्, “ठिक छ, विद्वान मानिस के हो?” उनले भनिन्, “त्यहि थियो जो म हुँ, एक ज्योतिषी, ‘खगोलज्ञ’ तिनीहरुले भन्थे।” र उनले भनिन्, “तिमीलाई थाहा छ, परमेश्वरले पृथ्वीमा केहि—केहि गर्नुभन्दा अगाडि, उहाँले यो सधै स्वर्गमा घोषणा गर्नुहुन्छ, र त्यसपछि पृथ्वीमा।”

र मैले भने, “मलाई थाहा छैन।”

184 र उनले भनिन्, “ठिक छ…” उनले दुई वा तिनओटा भनिन्, दुई… ताराहरु, जस्तै मंगल, बृहस्पति, र शुक्र। यो तिनीहरु थिएन, तर उनले भनिन्, “तिनीहरुले आफ्नो बाटो काटे र संगै आए र बने…” भनिन्, “त्यहाँ तिनजना विद्वान मानिसहरु थिए जो प्रभु येशूलाई भेट्न आएका थिए, र एक जना हामको, र एक जना शेम, र अर्को चाहि येपेतको वंशबाट थिए।” र भनिन्, “जब तिनीहरु संगै बेथलेहेममा संगै भेटे, तिनओटा ताराहरु जुनबाट तिनीहरु आएका थिए…पृथ्वीमा हरेक व्यक्ति,” भनिन्, “तिनीहरुको ताराहरुसंग केहि थियो।” भनिन्, “सोध त्यो नाबिकलाई त्यहाँ जब चन्द्रमा र स्वर्गीय ग्रहहरु बाहिर जान्छन्, प्रवाह त्यो संगै जाने र भित्र आउने गर्दैन।”

मैले भने, “मैले यो उहाँलाई सोध्न पर्दैन, त्यो मलाई त्यहाँ छ।”

185 र उनले भनिन्, “ठिक छ, तिम्रो जन्म त्यहाँ माथिका ताराहरुसंग केहि सम्बन्धित छ।”

र मैले भने, “अँ, त्यो मलाई थाहा छैन।”

186 र उनले भनिन्, “अब, यी तिनजना ज्योतिषहरु आए।” र भनिन्, “जब ती तिनओटा ताराहरु, जब तिनीहरु...तिनीहरु फरक दिशाबाट आएका थिए र तिनीहरु बेथलेहेममा भेटे। र तिनीहरुले भने कि तिनीहरुले पत्तो पाए र परामर्श गरे, र एक जना हाम, शेम, र येपेतको वंशबाट थियो, नोआका तिन छोराहरु।” र उनले भनिन्, “त्यसपछि तिनीहरु आए र प्रभु येशू ख्रीष्टको आराधना गरे।” र भनिन्, “जब तिनीहरु प्रस्थान गरे,” भनिन्, “तिनीहरुले उपहारहरु लाएका थिए र उहाँमा राखिदिए।”

187 र भनिन्, “येशूले उहाँको सेवकाईमा भन्नुभयो जब यो सुसमाचार सारा संसारलाई प्रचार गरिन्छ (हाम, शेम, र येपेतका मानिसहरुलाई), त्यसपछि उहाँ फेरी आउनुहुनेछ।” र उनले भनिन्, “अब, ती ग्रहहरु, स्वर्गीय ग्रहहरु, जसरी तिनीहरु चारैतिर घुम्छन्...” भनिन्, “तिनीहरु छुट्टिए। जानेको देखि, तिनीहरु हरु कहिल्यै पनि त्यसपश्चात संसारमा आएका छैनन्। तर” भनिन्, “हरेक धेरै वर्ष पछि, तिनीहरुले आफ्नो चक्र *यसरी* पार गर्छन्।” यदि यहाँ कुनै खगोलविद् हुनुहुन्छ भने, तपाईलाई थाहा होला उनले के को बारेमा बोलिरहेकि छिन् भनि। म जान्दिन। त्यसैले जब उनी बोल–...भनिन्, “तिनीहरु त्यसरी पार गर्छन्।” र भनिन्, “सबैभन्दा महान उपहारको स्मृति जुन मानव जातिलाई दिईएको थियो, जब परमेश्वरले आफ्नो पुत्र दिनुभयो। जब यी ग्रहहरुले आफैलाई फेरी पार गर्छन्, किन” भनिन्, “उहाँले पृथ्वीलाई अर्को उपहार दिनुहुन्छ।” र भनिन्, “र तिमी त्यसको पार गर्ने समयमा जन्मेको थियौ।” र भनिन्, “त्यहि कारणले मैले यो जानेको हुँ।”

188 ठिक छ, त्यसपछि मैले भने, “महिला, पहिलो ठाउँ त, म यसको बारेमा केहि पनि विश्वास गर्दिन। म धार्मिक होइन, र मलाई यसको बारेमा अब केहि कुरा सुन्नु पनि छैन!” त्यहाँ बाट हिडे। र मैले उनलाई यत्तिकैमा छोडे। त्यसैले म त्यहाँबाट बाहिर गए।

189 र हरेक पनि कुनै...म ती मध्ये एकजनाको वरिपरी पुग्छु, त्यो तरिका म यो हुन्छ। र मैले सोचे, “किन ती दुष्टहरुले त्यसो गर्छ?”

190 त्यसपछि प्रचारहरुले, भन्दैछन्, “त्यो शैतान हो! त्यो शैतान हो!” तिनीहरुले मलाई यो विश्वास गर्ने बनाएको थियो।

191 र त्यसपछि त्यो रात माथि त्यहाँ जब म...जब उहाँले त्यसको बारेमा उल्लेख गर्नुभयो, मैले उहाँलाई सोधे, मैले भने, “ठिक छ, किन ती सबै माध्यमहरु र त्यस्ता चिजहरु, र ती दुष्टले–चलाएका मानिसहरु, त्यसले सधै मलाई यसको बारेमा भनिरहन्छ; र पादरीहरु जो, मेरा भाईहरु, मलाई भन्छन् कि यो दुष्ट आत्मा हो?”

192 अब उहाँले के भन्नुभयो त्यो सुन्नुहोस्, उहाँ जो तस्बिरमा हुनुहुन्छ। उहाँले भन्नुभयो, “जस्तो त्यसबेलामा भएको थियो, त्यस्तै नै अहिले छ।” र उहाँले मलाई उल्लेख गर्न थाल्नुभयो, कि, “जब हाम्रो प्रभु येशू ख्रीष्टको सेवकाई शुरू हुन थाल्यो, सेवकहरुले भने, ‘उहाँ बालजीबुल हुनुहुन्छ, शैतान’; तर शैतानले भन्यो, ‘उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ, इस्राएलको पवित्र जन।’ दुष्टहरु...र हेर्नुहोस् पावल र बर्नाबासलाई जब तिनीहरु त्यहाँ माथि प्रचार गरिरहेका थिए। सेवकले भने, ‘यी मानिसहरुले संसारलाई उलटपुलट गर्छन्। तिनीहरु दुष्ट हुँ, तिनीहरु—तिनीहरु दुष्ट हुन्।’ र बाहिर सडकमा भएको एउटा सानो पुरानो ज्योतिषीले पावल र बर्नाबास परमेश्वरका मानिसहरु हुन् भनि चिने, भने, ‘तिनीहरु परमेश्वरका मानिसहरु हुन् जसले जीवनको बाटो बताउदछन्।’” के त्यो सहि हो? “अध्यात्म वादी र ज्योतिषीहरु, दुष्टले चलाएका मानिसहरु।”

193 तर हामी धर्मशास्त्रीय ज्ञानमा यति भुल्छौ कि हामीलाई आत्माको बारेमा केहि थाहा हुदैन। म आशा गर्छु कि यसपछि तपाईले मलाई माया गर्नुहुन्छ। तर त्यो नै हो। मेरो मतलव पेन्टिकोष्ट, पनि! त्यो सहि हो। कराउदै र चारैतिर उफ्रिदैमा यो अर्थ लाग्दैन कि तपाईलाई आत्माको बारेमा थाहा छ।

194 यो व्यक्तिगत सम्पर्क हो, आमने सामने, त्यो हो जे तपाईलाई चाहिन्छ। त्यो खालको मण्डली हो जुन परमेश्वरले हुर्काउन खोज्दै हुनुहुन्छ, त्यो सहि हो, जब तिनीहरु आत्माको, एकता शक्तिमा आउछन्।

195 र उहाँले त्यसको उल्लेख गर्दै हुनुहुन्थ्यो। र उहाँले मलाई भन्नुभयो कि यसले सेवाकाई कसरी गलत तरिकाले बुझियो, र मलाई निश्चितता दिनुभयो कि कसरी यसले सेवकाईलाई गलत बुझायो। र जब उहाँले मलाई यो सबैको बारेमा भन्नुभयो र कसरी त्यो येशू...

196 मैले भने, “ठिक छ, यसको बारेमा के हो, यी कुराहरु जुन मलाई हुन्छ?”

197 र, तपाई देख्नुहुन्छ, उहाँले भन्नुभयो, “त्यो गुणा हुनेछ र ठूलो र ठूलो हुँदै जानेछ।” र उहाँले मलाई उल्लेख गर्नुभयो, मलाई बताउदै कि कसरी येशूले यो गर्नुभयो; कसरी उहाँ आउनुभयो र उहाँ शक्तिले भरिपूर्ण हुनुहुन्थ्यो कि उहाँले कुराहरुको बारेमा पूर्वज्ञान राख्नुहुन्थ्यो र इनारमा आएकी महिलालाई बताउनुभयो, एउटा चंगाईकर्ता नभएको दावी गर्नुभयो, ती कुराहरु गरेको दावी गर्नुभयो जुन कुराहरु पिताले उहाँलाई देखाउनुभयो।

मैले भने, “ठिक छ, त्यो कुन खालको आत्मा हुनेछ?”

उहाँले भन्नुभयो, “यो पवित्र आत्मा थियो।”

198 त्यसपछि म भित्र त्यहाँ केहि भयो, कि मैले बुझे कि मैले जे कुरालाई इन्कारीरहे त्यहि कुराको लागि परमेश्वरले मलाई यहाँ ल्यानुभएको थियो। र मैले बुझे कि यो पुरानो दिनहरुका फरिसीहरु जस्तै हो, तिनीहरुले मलाई धर्मश्सस्त्र अपव्याख्या गरेका रहेछन्। त्यसैले त्यसपछि यसमा मैले मेरो आफ्नै व्याख्या लिए, जुन पवित्र आत्माले भन्नुभयो।

मैले उहाँलाई भने, “म जानेछु।”

उहाँले मलाई भन्नुभयो, “म तिमीसंग हुनेछु।”

199 र स्वर्गदूतले फेरी ज्योतिमा टेक्नुभयो त्यो वरपरी र वरिपरी, र वरिपरी र वरिपरी आउन थाल्यो, र उहाँको खुट्टाको वरपर त्यसरी आउन थाल्यो, र माथि ज्योतिमा र भवनबाट बाहिर जानुभयो।

म एउटा नयाँ व्यक्ति भएर घर गएँ।

200 मण्डलीमा गएँ र मानिसहरुलाई यस बारे बताए। यो...आईतबारको रातमा भएको थियो।

201 र बुधबारको दिनमा तिनीहरुले त्यहाँ एउटा महिला ल्याए, मायोसको नर्सहरु मध्ये एकजना क्यान्सरले मर्दै थियो, केहि पनि थिएन केवल एउटा छायाँ मात्रै। र जब म उनलाई समात्न तल गए, त्यहाँ एउटा दर्शन अगाडि आयो, उनले फेरी नर्सको काम गरिरहेको देखायो। र उनी लुइसभिलको सूचीमा छिन्, “बर्षौं देखि मरेको छ।” त्यहाँ उनी जेफरसनभिलमा छिन्

अहिले, नर्सको काम गर्दै, बर्षौ देखि नर्सको काम गरिरहेकी छिन्। किनकि, मैले माथि त्यहाँ हेरे, र मैले त्यो दर्शन देखे। म वरपर फर्किए, म त्यहाँ उभिएर, के गर्दैछु भन्ने थाहा थिएन, म काँपेको थिए जब तिनीहरुले त्यो समस्या ल्याएका थिए र त्यहाँ तल राखेका थिए। र नर्सहरु र अन्य उसको चारैतिर उभिरहेका थिए, र उनी त्यहाँ तल पल्टिरहेको, र उनको अनुहारभित्र डुबेको र उनको आँखा गाँडिदै थियो।

202 मार्गी मोर्गन। यदि तपाईले उहाँलाई पत्र लेख्न चाहनुहुन्छ भयो, त्यो ४११ नोब्लोच एभिन्यु, जेफरसनभिल, इन्डियाना हो। वा क्लार्क काउन्टी अस्पताल, जेफरसनभिल, इन्डियानामा लेख्नुहोस्। तपाईको निम्ति उहाँले गवाहि दिन—दिन दिनुहोस्।

203 मैले तल त्यहाँ हेरे। र त्यो पहिलो केस थियो त्यहाँ, यहाँ हेर्नको लागि आए, त्यहाँ एउटा दर्शन आयो। मैले त्यस महिला फेरी नर्सको काम गर्दै, चारैतिर हिडिरहेको, राम्रो बलियो र स्वस्थ देखे। मैले भने, "परमप्रभु यसो भन्नुहुन्छ, 'तिमी जिउनेछौ तर मर्नेछैनौ!'"

204 उनको पति, संसारको कुरामा अति उच्च व्यक्ति, उहाँले मलाई *त्यसरी* हेर्नुभयो। मैले भने, "महोदय, तपाई नडराउनुहोस्! तपाईकि श्रीमती जिउनेछिन्।"

205 उहाँले मलाई बाहिर बोलाउनुभयो, भन्नुभयो...दुई वा तिनओटा चिकित्सकहरु बोलाउनुभयो, भन्नुभयो, "तपाईले उहाँहरुलाई चिन्नुहुन्छ?"

मैले भने, "चिन्छु।"

206 "किन," भन्नुभयो, "मैले उहाँसंग गल्फ खेलेको छु। उहाँले भन्नुभयो, 'क्यान्सर उनको आन्द्रामा बेरिएको छ, तपाईले उहाँलाई अनिमाले पनि धुनसक्नुहुन्न।'"

207 मैले भने, "उनलाई के छ म त्यसको वास्ता गर्दिन! तल यहाँ केहिकुरा, मैले एउटा दर्शन देखे! र त्यो मानिस जसले मलाई भन्यो, भन्नुभयो, जे केहि पनि मैले द्केह, यो भन्नको लागि र यो यस्तै हुनेछ। र उहाँले मलाई भन्नुभयो र मैले यो विश्वास गरे।"

208 परमेश्वरको प्रशंसा होस्! त्यसको केहि दिन पश्चात उनले आफ्नो धुने काम गरिरहेकी थिईन्, चारैतिर गईरहेकी थिईन्। उनी अहिले लगभग एक सय पैसठ्ठी पाउण्ड छिन्, एकदम राम्रो स्वास्थ्यमा छिन्।

209 त्यसपछि जब मैले यो स्वीकार गरे, यो टाढा गयो। त्यसपछि रोबर्ट डाउर्टिले मलाई बोलाउनुभयो। र यहाँ यो गयो, टेक्सासबाट भएर तल, र संसारभरि।

210 र एकरात, लगभग चार या पाँच पटक बाहिर...म अन्यभाषा र त्यस्तै अन्यमा बोलेको बुझ्दिन थिए। मैले पवित्र आत्माको बप्तिष्मामा विश्वास गर्थे, मानिसहरुले अन्यभाषामा बोल्न सक्छन् भन्ने विश्वास गर्थे। र एउटा राति जब म बाहिर हिडिरहेको थिए...एउटा गिर्जाघरमा, स्यान एन्टोनियो, टेक्सासमा, बाहिर त्यहाँ हिडिरहेको थिए, यहाँ बसिरहेको एउटा सानो मित्रले छोटो बन्दुक जस्तै, वा एउटा मेसिन गन जस्तै छिट्टो छोटो गरि, अन्यभाषामा बोल्न थाल्नुभयो। पछाडि, पछाडि त्यहाँ, एउटा साथी उठ्नुभयो र भन्नुभयो, "परमप्रभु यसो भन्नुहुन्छ! एउटा मानिस सर्वशक्तिमान परमेश्वरबाट नियुक्त गरिएको सेवाकाईको साथ अगाडि मंच तर्फ हिड्दै हुनुहुन्छ। र जसरी बप्तिष्मा दिने यूहन्ना येशू ख्रीष्टको पहिलो आगमनको पहिलो अग्रदूतको रूपमा पठाईएको थियो, त्यसरी नै उहाँ संग सन्देश छ जसले प्रभु येशू ख्रीष्टको दोस्रो आगमनको तयार गर्नेछ।"

211 म मेरो जुत्तामा डुबाउन चाहन्छु। मैले माथि हेरे, मैले भने, "के तपाईले त्यो मानिसलाई चिन्नुहुन्छ?"

उहाँले भन्नुभयो, "चिन्दिन, श्रीमान।"

मैले भने, "के तपाईले उहाँलाई चिन्नुहुन्छ?"

उहाँले भन्नुभयो, "चिन्दिन, श्रीमान।"

मैले भने, "के तपाईले उहाँलाई चिन्नुहुन्छ?"

उहाँले भन्नुभयो, "चिन्दिन, श्रीमान।"

मैले भने, "तपाई यहाँ के गर्दै हुनुहुन्छ?"

212 उहाँले भन्नुभयो, "मैले यो पत्रिकामा पढेको थिए।" र सामान्यतः... त्यो सभाको पहिलो रात थियो।

मैले त्यहाँनिर हेरे र मैले भने, "तपाई यहाँ कसरी आउनुभयो?"

213 भन्नुभयो, "मेरा केहि मानिसहरुले मलाई भनेका थिए कि तपाई यहाँ हुनुहुनेछ, 'एउटा ईश्वरीय चंगाईकर्ता,' र म आए।"

मैले भने,. "तपाईहरु सबैले एक अर्कालाई चिन्नुहुन्न?"

उहाँले भन्नुभयो, "चिन्दैनौ।"

214 ओ, मेरो! त्यहाँ मैले पवित्र आत्माको शक्ति देखे...जहाँ पहिले एक पटक मैले यो गलत हो भनि सोचेको थिए, र मलाई थाहा थियो कि म... यहि परमेश्वरको स्वर्गदूत ती मानिसहरुसंग जोडिनुभएको थियो जो संग ती कुराहरु थिए। यद्धपि तिनीहरुसंग नक्कली र धेरै मिश्रण थियो र यसमा धेरै बरबराउथ्यो, तर त्यहाँ एउटा सच्चा लेख थियो। [टेपमा रिक्त स्थान—सम्पा।]...ख्रीष्ट। र मैले देखेको थिए कि यो—यो सत्य थियो।

215 ओ, वर्ष बित्दै गयो, र सभामा मानिसहरुले देख्थे, दर्शनहरु र त्यस्तै कुराहरु।

216 एक पटक एउटा फोटोग्राफरले यसलाई एउटा तस्बिरमा कैद गरेका थिए जब म अर्कान्सासमा कतै तल उभिरहेको थिए, मलाई लाग्छ यो, यस्तै खालको एउटा सभामा थियो, यस्तै खालको सभागृहमा। र म उभिरहेको थिए, यसलाई व्याख्या गर्न खोज्दै थिए। मानिसहरुले थाहा पाए, तिनीहरु बस्थे र सुन्थे, मेथोडिष्ट, ब्याप्टिष्ट, प्रेस्बिटेरियन, र अन्य त्यस्तै। र त्यसपछि मैले हेर्न पुगे, ढोकामा आईरहेको, यहाँ यो आउँछ, जाँदै, "हुस, हुस!"

217 मैले भने, "मैले अब केहि बोल्नु पर्दैन, किनकि यहाँ अब यो आउँछ।" र यो माथि सर्यो, र मानिसहरु कराउन थाले। म जहाँ थिए त्यहाँ आएर बस्छ।

218 जस्तो यो स्थिर हुँदै थियो, एउटा सेवक दौडेर आउनुभयो र भन्नुभयो, "भनौ, मैले त्यो देखे!" र यसले उहाँलाई उहाँ हुन सक्नेसम्मको अन्धो—पारिदियो, पछाडि फर्कियो। ठिक त्यहाँ पुस्तकमा तपाईले उहाँको तस्बिर देख्न सक्नुहुन्छ र हेर्न सक्नुहुन्छ जसरी उहाँले आफ्नो टाउको त्यत्तिकै तल झुकाएर पछाडि फर्कनुभयो। तपाईले उहाँको तस्बिर हेर्न सक्नुहुन्छ।

219 र त्यहाँ यो बस्यो। पत्रिकाको फोटोग्राफरले यस्लाए त्यो समय कैद गर्यो। तर प्रभु तयार हुनुहुन्न थियो।

220 र एउटा रात ह्युस्टन, टेक्सासमा, जब, ओ, हजारौ गुणा हजारौ मानिसहरु...हामीसंग आठसय थियो...आठ हजार भन्दा बढि तपाईले–यसलाई–के–भन्नुहुन्छ, संगीत भवनमा, फर्केर महान स्याम ह्युस्टन कलोसियममा आउनुहोस्।

221 र त्यो रात त्यो बहसमा, जब एउटा ब्याप्टिष्ट प्रचारकले भने म "कोहि नभएर एउटा निम्न–तल्लो स्तरको पाखण्डी र बहूरूपिया, एउटा धार्मिक ढोंगी हो, र यो शहरबाट बाहिर भाउनुपर्छ।" र यो गर्ने उहाँ नै हुनुपर्छ।

222 भाई बोस्वोर्थले भन्नुभयो, "भाई ब्रन्हाम, के तपाई केहि त्यस्तो हुन दिनुहुनेछ? उहाँको हातलाई बोलाउनुहोस्!"

223 मैले भने, "होइन, श्रीमान, म झमेलामा विश्वास गर्दिन। सुसमाचार झमेला गर्नको निम्ति बनाईएको होइन, यो जिउनको लागि बनाईएको हो।" र मैले भने, "तपाईले उहाँलाई जत्तिसुकै बुझाए पनि, उहाँ त्यहि नै तरिकामा जानुहुन्छ।" मैले भने, "उहाँलाई...केहि ले पनि फरक पार्दैन। यदि परमेश्वरले उहाँको हृदयमा बोल्न सक्नुहुन्न भने, म कसरी सक्छु?"

224 भोलि पल्ट यो कुरा आयो, भन्नुभयो, "यसले देखाउछ कि तिनीहरु के बनेका छन्," ह्युस्टन क्रोनिकल। भन्छ, "तिनीहरु के ले बनेका छन् भनि देखाउछ, तिनीहरुले जे प्रचार गरिरहेका छन् त्यो लिन डराउछन्।"

225 वृद्धा भाई बोस्वोर्थ म कहाँ आउनुभयो, त्यसबेला उहाँ आफ्नो सत्तरीको उमेरमा हुनुहुन्थ्यो, प्रिय पुरानो भाई, मेरो जिउमा हात राख्नुभयो, भन्नुभयो, "भाई ब्रन्हाम," उहाँले भन्नुभयो, "तपाईको मतलब तपाई त्यो नलिन जाँदै हुनुहुन्छ?"

226 मैले भने, "होइन, भाई बोस्वोर्थ। होइन, श्रीमान। म यो लिदिन।" मैले भने, "यसले कुनै भलाई गर्दैन।" मैले भने, "हामीले सभागृह छोडिसकेपछि यो केवल झमेलाको कारण मात्रै बन्छ।" मैले भने, "म अब एउटा सभा राख्दै छु, र म सबै कुराहरु त्यसरी टुक्रेको चाहन्न।" मैले भने, "उसलाई यसरी नै अघि बढ्न दिनुहोस्।" मैले भने, "त्यहि हो, उ यत्तिकै रिसाउँदैछ।" मैले भने, "हामीले यो पहिले नि भोगेका छौ, र तिनीहरुसंग बोल्नुले केहि भलाई गर्दैन।" मैले भने, "तिनीहरु तुरुन्तै टाढा जानेछन्, आफैलाई लिएर।" मैले भने, "यदि तिनीहरुले एक पटक सत्यको ज्ञान

पाउछन् र त्यसपछि पनि तिनीहरुले यसलाई लिदैनन्, बाईबलले भन्छ तिनीहरुले अलग्गिने रेका पार् गरेका छन् र तिनीहरुको यो संसार वा आउनेवाला संसार कहि कहिल्यै पनि क्षमा हुनेछैन। तिनीहरुले यसलाई 'शैतान' भन्छन् र तिनीहरुले यसमा केहि गर्न सक्दैनन्। तिनीहरु धार्मिक आत्माले समातिएका छन् जुन शैतान हो।"

227 कतिजनालाई त्यो सत्य हो भनि थाहा छ, कि शैतानको आत्मा धार्मिक आत्मा हो भनि? हो, श्रीमान, हुनसक्नेसम्मको कट्टर तिनीहरु हुन्छन्। र त्यसैले, तब, त्यो धेरै राम्रो भएन जब मैले "कट्टर" भनिदिए, तर त्यो सत्य हो। "ईश्वर भक्तिको भेष लगाउँछन् तर शक्तिलाई इन्कार गर्छन्।" त्यो सहि हो। चिन्हहरु र आश्चर्य कर्महरुले सधै, परमेश्वरलाई प्रमाणित गर्छ। र उहाँले अन्तिम दिनहरुमा त्यहि कुराहरु हुनेछन् भनि भन्नुभएको छ। र ध्यान दिनुहोस्!

228 पुरानो भाई बोस्वोर्थ, म...उहाँ मसंग आउनेवाला हुनुहुन्थ्यो, र उहाँ एक प्रकारले थकित हुनुहुन्थ्यो। भर्खरै जापानबाट फर्कनुभएको थियो। उहाँ यहाँ आउनेवाला थियो। उहाँ मसंग हुनको लागि लुब्बोकमा आउनेवाला थियो। र त्यसैले उहाँ...उहाँसंग एउटा सानो, नराम्रो चिसो लागेको थियो, त्यसैले उहाँ यसमा आउनसक्नुभएन, उहाँ र उहाँकि श्रीमती। र त्यसैले उहाँ...

229 सबैले उहाँ कालेब जस्तो देखिनुहुन्छ भनि सोच्थे। उहाँ त्यहाँ उभिनुभयो, र उहाँले भन्नुभयो, "ठिक छ, भाई ब्रन्हाम," त्यो एकदम सम्मानजनक हेराइ, तपाईलाई थाहा छ, उहाँले भन्नुभयो, "म गएर गर्छु," र भन्नुभयो, "यदि तपाईले चाहनुहुन्न भने।"

230 मैले भने, "ओ भाई बोस्वोर्थ, म—म तपाईले त्यसो गर्नुभएको चाहन्न। तपाई झगडा गर्न जानुहुन्छ।"

उहाँले भन्नुभयो, "त्यहाँ झगडा हुनेखालको एउटा पनि शब्द हुनेछैन।"

231 अब, मैले यसलाई बन्द गर्नु भन्दा पहिले, यसलाई सुन्नुहोस्। उहाँ त्यहाँ तल जानुभयो। मैले भने, "यदि तपाई झगडा गर्नुहुन्न भने, ठिकै छ।"

भन्नुभयो, "म झगडा नगर्ने वाचा गर्छु।"

232 त्यस रात सभागृहमा लगभग तिस हजार जति मानिसहरु भेला भएका थिए। भाई वूड, यहाँ बस्दै गर्दा, उहाँ त्यस समयमा उपस्थित हुनुहुन्थ्यो, र उहाँ सभाघर मै हुनुहुन्थ्यो। र म...

233 मेरो केटाले भन्यो, वा...मेरी श्रीमतीले भनिन्, “तपाई त्यहाँ तलको सभामा जानुहुनेछैन?”

234 मैले भने, “होइन। म त्यहाँ तल गएर तिनीहरुको झगडा सुन्न सक्दिन। होइन, श्रीमान। म त्यहाँ तल गएर यो सुन्ने छैन।”

जब रातको समय आयो, केहिले भन्यो, “त्यहाँ तल जाऊ।”

235 मैले एउटा ट्याक्सी क्याब पाए, मेरो भाई, र मेरी श्रीमती र मेरो बालबच्चा, हामी सबै तल गयौ। र म त्यहाँ माथी बाल्कनी तिसमा गएको थिए, त्यसरी नै धेरै माथि, र तल बसे।

236 वृद्धा भाई बोस्वोर्थ पुरानो कुटनीतिज्ञ जस्तैगरि बाहिर निस्किनुभयो, तपाईलाई थाहा छ। उहाँले केहि नक्कल गरेको थियो...उहाँसंग त्यहाँ बाईबलका छ सय विभिन्न प्रतिज्ञाहरु प्रतिलिपी गरिएको थियो। उहाँले भन्नुभयो, “अब, डक्टर बेस्ट, यदि तपाई यहाँ माथि आउनुहुन्छ र यी मध्ये एउटा प्रतिज्ञा लिएर यसलाई बाईबलबाट गलत प्रमाणित गर्नुहुन्छ। बाईबलमा भएका यी सबै प्रतिज्ञाहरु, येशू ख्रीष्टले यस दिनमा बिरामीहरुलाई निको पार्ने सम्बन्धमा। यदि तपाईले यी मध्ये एउटा प्रतिज्ञा लिन सक्नुहुन्छ र, बाईबलबाट, यसलाई बाईबलको विरुद्ध गर्न सक्नुहुन्छ भने, म यहाँ तल बस्नेछु, तपाईसंग हात मिलाउनेछु, भन्छु, ‘तपाई सहि हुनुहुन्छ।’”

237 उहाँले भन्नुभयो, “म त्यसको ख्याल राख्नेछु जब म त्यहाँ माथि पुग्नेछु!” उसले अन्तिमको गर्न चाहन्थ्यो ताकी उसले भाई बोस्वोर्थलाई रगड्न सकोस्, बुझ्नुभयो।

238 त्यसैले भाई बोस्वोर्थले भन्नुभयो, “ठिक छ, भाई बेस्ट, म तपाईलाई एउटा सोध्छु, र यदि तपाईले मलाई ‘हो’ या ‘होइन,’” मा जवाफ दिनुभयो भने, भन्यो “हामीले बहसलाई ठिक अहिले निप्ट्याउने छौ।”

र उसले भन्यो—उसले भन्यो, “म त्यसलाई सम्हाल्ने छु!”

उनले मध्यस्थलाई सोध्यो यसरी सोध्न मिल्छ भनि। भन्यो, “हुन्छ।”

239 उहाँले भन्नुभयो, “भाई बेस्ट, के यहोवाको उद्धारको नामहरु येशूमा लागू हुन्छ? ‘हुन्छ’ या ‘हुदैन’?”

240 त्यसले मामिला निप्ट्यायो। त्यो सबै थियो। म तपाईलाई भन्छु, मैले भर्खरै मबाट भएर केहि गईरहेको जस्तो महसूस गरे। मैले त्यसको बारेमा, म आफैले, कहिल्यै सोचेको थिएन, बुझ्नुभयो। र मैले सोचे, “ओ, मेरो, उहाँले त्यो जवाफ दिन सक्दैन! त्यसले यसलाई बाँध्छ।”

उहाँले भन्नुभयो, “ठिक छ, डक्टर बेस्ट, म—म सचेत छु।”

उहाँले भन्नुभयो, “म त्यसलाई सम्हाल्नेछु!”

241 भन्नुभयो, “म सचेत छु कि तपाईले मेरो कमजोर प्रश्नको जवाफ दिन सक्नुहुन्न।” उहाँ उत्तिकै ठण्डा हुनुहुन्थ्यो जत्तिको काक्रो हुन्छ, र उहाँलाई थाहा थियो उहाँ कहाँ उभिरहनुभएको छ भनि। त्यसैले तब उहाँ धर्मशास्त्रको साथ त्यहाँ बस्नुभयो।

भन्नुभयो, “तपाईको तिस मिनेट लिनुहोस्, म त्यसपछि जवाफ दिनेछु!”

242 र वृद्धा भाई बोस्वोर्थ त्यहाँ बस्नुभयो र त्यो धर्मशास्त्र लिनुभयो र त्यो मान्छे यस्तो ठाउँमा बाँध्नुभयो कि त्यो उसको अनुहार यति रातो भयो कि तपाईले त्यसमा झन्डै, सलाई नै प्रहार गर्नसक्नुहुन्थ्यो।

243 ऊ त्यहाँबाट रिसाएर, उठ्यो र कागजहरु भुइँमा फालिदियो, त्यहाँ उठ्यो र एउटा असल चेलाको प्रवचन दियो। म एउटा ब्याप्टिष्ट थिए, मलाई थाहा छ तिनीहरुले के विश्वास गर्छन्। उसले कहिल्यै...उसले पुनरुत्थानको बारेमा प्रचार गर्दैथियो, “‘जब यो मरणशीलटा शरीरले अमरणशीलता धारण गर्छ,’ त्यसपछि हामीसंग ईश्वरीय चंगाई हुन्छ।” ओ, मेरो! हामी अमर भएपछि हामीलाई ईश्वरीय चंगाई के चाहिन्छ (“जब यो मरणशीलताले अमरणशीलता धारण गर्छ,” मरेकोबाट पुनरुत्थान)? उसले यहाँसम्म कि येशूले लाजरसलाई गर्नुभएको आश्चर्य काम समेत शंका गरको थियो, “उनी फेरी मरे, र त्यो केवल अस्थायी कुरा थियो।” बुझ्नुभयो?

244 र जब ऊ यसरी पार गर्यो, उसले भन्यो, “ईश्वरीय चंगाईकर्तालाई यहाँ ल्याऊ र उसले प्रदर्शन गरेको मलाई हेर्न देऊ!”

245 त्यसबेला उनीहरुको सानो पोखरी थियो। भई बोस्वोर्थले भन्नुभयो, “म तपाई देखेर आश्चर्य चकित छु, भाई बेस्ट, मैले तपाईलाई सोधेको एउटा प्रश्नको पनि जवाफ दिनुभएन।”

246 र त्यसैले ऊ साचै नै रिसाए, उसले भन्यो, “ईश्वरीय चंगाईकर्तालाई यहाँ ल्याऊ र उसले प्रदर्शन गरेको मलाई हेर्न देऊ।”

भन्नुभयो, “भाई बेस्ट, के मानिसको उद्धार हुन्छ भनि तपाई विश्वास गर्नुहुन्छ?”

उसले भन्यो, “निश्चित नै गर्छु!”

भन्नुभयो, “के तपाईलाई एउटा ईश्वरीय उद्धारकर्ता बोलाईएको चाहनुहुन्छ?”

भन्यो, “पक्कै पनि होइन!”

247 “न त...त्यसले तपाईलाई ईश्वरीय उद्धारकर्ता बनाउदैन किनभने तपाईले प्राणको मुक्तिको बारेमा प्रचार गर्नुभयो।”

उसले भन्यो, “अँ, पक्कै पनि होइन!”

248 भन्नुभयो, “न त यसले भाई ब्रन्हामलाई शरीरको ईश्वरीय चंगाईको बारेमा प्रचारद्वारा एउटा ईश्वरीय चंगाईदाता बनाउछ। उहाँ एउटा ईश्वरीय चंगाईदाता होइन, उहाँले मानिसहरुली येशू ख्रीष्टतर्फ औंल्याउनुहुन्छ।”

249 र उसले भन्यो, “उहाँलाई यहाँ ल्याउनुहोस्, उहाँले प्रदर्शन गरेको मलाई हेर्न दिनुहोस्। आजभन्दा एक वर्ष पहिलेको, मानिसहरुलाई म हेर्छु, र म तपाईलाई भन्नेछु म विश्वास गर्छु या गर्दिन भनि।”

250 भाई बोस्वोर्थले भन्नुभयो, “भाई बेस्ट, त्यसले कलवरीमा अर्को मुद्धा जस्तो सुनिन्छ, ‘क्रूसबाट टल झर्नुहोस् र म तपाईलाई विश्वास गर्नेछु।’” बुझ्नुभयो?

251 र त्यसैले, ओ, त्यसपछि ऊ आक्रोश भयो। उसले भन्यो, “मलाई उसले प्रदर्शन गरको हेर्न देऊ! मलाई उसले प्रदर्शन गरेको हेर्न देऊ!” मध्यस्थकर्ताहरुले उसलाई बसायो। ऊ त्यहाँतिर गयो, र त्यहाँ एउटा पेन्टिकोष्टल प्रचारक उभिरहेको थियो, उसले भर्खरै उसलाई मंच भरि हान्यो। र त्यसैले तिनीहरुले त्यसपछि उसलाई रोक्यो। (त्यसैले भई

बोस्वोर्थले भन्नुभयो, “यहाँ, यहाँ! होइन, होइन।”) त्यसैले मध्यस्थकर्ताले उसलाई बसायो।

252 रेमन्ड रिची उठ्नुभयो, भन्नुभयो, “के दक्षिणी ब्याप्टिष्ट सभाको व्यवहार यहि हो?” भन्नुभयो, “तिमी ब्याप्टिष्ट सेवकहरु, के दक्षिणी ब्याप्टिष्ट सभाले यस मान्छेलाई यहाँ पठाएको हो या ऊ आफै यहाँ आएको हो?” तिनीहरुले जवाफ दिएनन्। उहाँले भन्नुभयो, “मैले तिमीलाई सोधेको!” उहाँले तिनीहरुलाई चिन्नुहुन्थ्यो, सबैजनालाई।

253 तिनीहरुले भने, “ऊ आफै नै आएको हो।” किनकि मलाई थाहा छ कि ब्याप्टिष्टले, ईश्वरीय चंगाईमा पनि विश्वास गर्थ्यो। त्यसैले तब उहाँले भनुभयो, “ऊ आफै आउनुभएको हो।”

254 त्यसैले तब यहाँ के भयो। भाई बोस्वोर्थले भन्नुभयो, “मलाई थाहा छ भाई ब्रन्हाम सभामा हुनुहुन्छ, यदि उहाँ आएर दर्शकहरुलाई खारेज गर्न चाहनुहुन्छ भने, यो राम्रो हुनेछ।”

त्यसैले हवार्डले भन्नुभयो, “तपाई स्थिर बस्नुहोस्!”

मैले भने, “म स्थिर बसिरहेको छु।”

255 र ठिक त्यसबेला केही कुरा आयो, र वरिपरी घुम्न थाल्यो, र मलाई थाहा थियो कि त्यो प्रभुको दूत हुनुहुन्थ्यो, भन्नुभयो, “उठ!”

256 करिब पाँच सय जना मानिसहरुले *यसरी* आफ्नो हातहरु जोडेर बसेका थिए, एउटा गलियार बनाए, तल मंचमा आए।

257 मैले भने, “मित्रहरु, म एउटा दिव्य चंगाईकर्ता होइन। म तपाईको भाई हुँ।” मैले भने, “भाई बेस्ट, बिना...” वा, “भाई बेस्ट,” मैले भने, “तपाईलाई कुनै अपमान गरेको होइन, मेरो भाई, कुनै रितिले होइन। तपाईलाई आफ्नो विश्वासको अधिकार छ, त्यसरी नै मलाई पनि छ।” मैले भने, “अवश्य पनि, तपाईले आफ्नो तर्क, प्रमाणित गर्नसक्नुहुन्न, भाई बोस्वोर्थद्वारा। न त तपाईले बाईबल राम्रोसंग पढेको मान्छेबाट गर्न सक्नुहुन्छ, जसले ती कुराहरु जान्दछन्।” मैले भने, “र जहाँसम्म मानिसहरु चंगाई गर्ने कुरा छ, मैले तिनीहरुलाई निको पार्न सक्दिन, भाई बेस्ट। तर म यहाँ हरेक रात हुन्छु, यदि तपाईले प्रभुले अचम्मका कामहरु

गरेको हेर्न चाहनुहुन्छ भने, तपाई यहाँ आउनुहोस्। उहाँले यो हरेक रात गर्नुहुन्छ।”

258 र उहाँले भन्नुभयो, “म तपाईले कसैलाई निको परेको हेर्न चाहन्छु र म तिनीहरुलाई हेर्न चाहन्छु! तपाईले तपाईको सम्मोहनले तिनीहरुलाई सम्मोहन गर्न सक्नुहुन्छ, तर” भन्यो, “म यसलाई त्यो भएको एक पछि हेर्न चाहन्छु!”

मैले भने, “ठिक छ, तिनीहरुलाई जाँच गर्ने तपाईको अधिकार छ, भाई बेस्ट।”

259 उसले भन्यो, “केहि होइन तर तिमीहरु मूर्ख पवित्र–भनाउदाको झुण्डहरुले त्यस्ता कुराहरुमा विश्वास गर्छौ। ब्याप्टिष्टले यस्तो कुनै बकवासमा विश्वास गर्दैनन्।”

260 भाई बोस्वोर्थले भन्नुभयो, “केवल एक क्षण।” भन्नुभयो, “त्यहाँ कति धेरै बानिसहरु छन्, यहाँ यी दुई हप्ताको सभाहरुमा, जो राम्रोसंग खडा भएर उभिरहेका छन् यहाँ ह्युस्टनमा यी राम्रा ब्याप्टिष्ट मण्डलीहरुसंग, भाई ब्रन्हाम यहि हुदै गर्दा नै प्रमाणित गर्नसक्छन् कि तिनीहरु सर्वशक्तिमान परमेश्वरद्धारा चंगाई भएका छन्?” र तिन सयजना भन्दा बढि उठे। भन्नुभयो, “यसको बारेमा के हो?”

261 उसले भन्नुभयो, “तिनीहरु ब्याप्टिष्ट होइनन्!” भन्यो, “जोकोहिले जे पनि गवाहि दिनसक्छन्, त्यसले अझै पनि यसलाई सहि ठहराउन सक्दैन!”

262 भन्यो, “परमेश्वरको वचनले यो सहि हो भन्छ, र तिमी यसलाई सहन सक्दैनौ। र मानिसहरुले यो सहि हो भन्छन्, र तिमीले यो गलत पार्न सक्दैनौ। त्यसैले तिमीले यसको विषयमा चाहि के गर्नेछौ?” हेर्नुहोस्, त्यस्तै।

263 मैले भने, “भाई बेस्ट, म केवल त्यो मात्रै भन्छु जे सत्य छ। र यदि म सत्यवादी छु भने, सत्यलाई जगेडा गर्न परेम्श्वरको दायित्व हो।” मैले भने, “यदि उहाँ हुनुहुन्न भने...र यति उहाँले सत्यको समर्थन गर्नुभएन भने, उहाँ परमेश्वर हुनुहुन्न।” र मैले भने, “म मानिसहरुलाई चंगाई गर्दिन। म कुराहरु हेर्नको लागि एउटा—एउटा वरदान सहित जन्मेको हुँ, यो भएको

हेर्नलाई।" मैले भने, "मलाई थाहा छ कि मलाई गतल बुझिएको छ, तर मैले मेरो हृदयको विश्वास पूरा गर्न बाहेक बढि अरु केहि गर्न सक्दिन।" मैले भने, "म विश्वास गर्छु कि येशू मरेकाहरुबाट जीवित भई उठ्नुभयो। र यदि आत्मा जो आउनुहुन्छ र दर्शनहरु देखाउनुहुन्छ र अन्य कुराहरु गर्नुहुन्छ, यदि त्यो प्रश्न गरिएको छ भने, जानुहोस् र खोज्नुहोस्।" मैले भने, "यहि नै हो।" तर मैले भने, "तर मेरो लागि, म आफैले केहि पनि गर्नसक्दिन।" र मैले भने, "यदि मैले सत्य भन्छु भने, यो सत्य हो भनि साक्षीदिनको लागि, परमेश्वर ममा दायित्वबद्ध हुनुहुन्छ।"

264 र त्यसबेलासम्म, केहि कुरा गयो, "हुस!" यहाँ उहाँ आउनुहुन्छ, ठिक तल आउदै। र अमेरीकी फोटोग्राफर एसोसिएसन, ह्युस्टन, टेक्सासमा रहेको डगलस स्टुडियो, त्यहाँ ठूलो क्यामेराको सेट थियो (तिनीहरु तस्बिर लिनको लागि निषेध गरिएको छ), तस्बिर खिचे।

265 जब तिनीहरु त्यहाँ श्रीमान बेस्टको तस्बिरहरु लिनको लागि त्यहाँ थिए, र उसले—उसले भन्यो, म त्यहाँ तल जानुभन्दा पहिले, उसले भन्यो, "एक मिनेट पर्खनुस्! म कहाँ यहाँ छ ओटा पत्रिकाहरु आईरहेको देखे!" उसले भन्यो, "यहाँ, अब मेरो तस्बिर खिच्नुहोस्!" र उसले आफ्नो औंला त्यो धार्मिक मानिसको नाकमा राख्यो, त्यसरी, भन्यो, "अब मेरो तस्बिर खिच्नुहोस्!" र तिनीहरुले खिचे। त्यसपछि यसले आफ्नो मुट्ठी तान्यो र यसलाई माथि राख्यो, भन्यो, "अब मेरो तस्बिर खिच्नुहोस्!" र तिनीहरुले त्यसरी खिचे। त्यसपछि उसले त्यस्तो गर्यो, उसको तस्बिरको लागि जिउडाल बनायो। उसले भन्यो, "तपाईले यो मेरो पत्रिकामा देख्नुहुनेछ!" त्यस्तै।

266 भाई बोस्वोर्थ त्यहाँ उभिनुभयो र केहि पनि भन्नुभएन। त्यसपछि तिनीहरुले केवल यसको तस्बिर लिए।

267 घर जाने बाटोमा त्यस रात, (क्याथोलिक केटाले यो लियो), उसले यो अर्को केटालाई भन्यो, उसले भन्यो, "त्यसको बारेमा तिमी के सोच्छौ?"

268 उसले भन्यो, "मलाई थाहा छ कि मैले उहाँको आलोचना गरे। त्यो महिलाको घाँटीमा निस्केको गाँड, मैले भने उहाँले उनलाई सम्मोहन गर्यो।" भन्यो, "म त्यसमा गलत हुनसक्छु।"

भन्यो, "त्यो तस्बिरको बारेमा तपाईले के सोच्नुहुन्छ?"

"मलाई थाहा छैन।"

269 तिनीहरुले यसलाई एसिडमा राखे। यहाँ उसको तस्बिर छ, तपाईले उसलाई सोध्न सक्नुहुन्छ यदि तपाई चाहनुहुन्छ भने। तिनीहरु घर गए, उ त्यहाँ बस्यो र एउटा चुरोट पियो। गयो र भाई बोस्वोर्थको एउटा तान्यो, यो नेगेटिभ थियो। तान्यो दुईओटा, तिनओटा, चारओटा, पाँचओटा, छ ओटा, र ती मध्ये प्रत्येक खाली थियो। परमेश्वरले उहाँको सन्त वृद्धा मानिस त्यो पाखण्डीसंग उभिरहेको तस्बिर आउन दिनुभएन, उहाँको नाक, वा हात, उहाँको नाक मुनि त्यसरी मुट्ठी कसेको। परमेश्वरले यो हुन दिनुहुन्न थियो।

270 तिनीहरुले अर्को तान्यो, र यहाँ यो थियो। त्यो मानिसलाई त्यस रातमा, एउटा हृदयघात भएको थियो, तिनीहरुले भनेको।

271 र तिनीहरुले यो नेगेटिभ वाशिंगटन, डिसी मा पठाए। यो प्रतिलिपि अधिकार थियो, फिर्ता पठायो।

272 र जर्ज जे. लेसी, एफ.बि.आई. मा औठाछाप र दस्तावेजको प्रमुख, र त्यस्तै, सारा संसारमा सबैभन्दा महान मध्ये एक, उहाँलाई त्यहाँ ल्याईयो र दुई दिनसम्म क्यामेरा, बत्ति, र सबैकुरा जाँच्नको लागि राखियो। र जब त्यो दिउसो हामी आयौ, उहाँले भन्नुभयो, "आदरणीय ब्रन्हाम, म पनि, तपाईको आलोचक रहेको छु।" उहाँले भन्नुभयो, "र मैले भनेको थिए कि यो मनोविज्ञान हो, कसैले भनेका थिए कि तिनीहरुले ज्योति र त्यस्तै खालका कुरा देखेका थिए।" र भन्नुभयो, "तपाईलाई थाहा छ, पुरानो पाखण्डीले त्यो भन्ने गर्थ्यो।" (उहाँको मतलब अविश्वासी) "'ती तस्बिरहरु चारैतिर, त्यो ख्रीष्टको चारैतिरको प्रभामण्डल, सन्तहरुको चारैतिर,' उहाँले भन्नुभयो, 'त्यो केवल मनोविज्ञान मात्रै थियो।'" तर भन्नुभयो, "आदरणीय ब्रन्हाम, यो क्यामेराको यान्त्रिक आँखाले मनोविज्ञान खिच्न सक्दैन! ज्योतिले लेन्सलाई प्रहार गर्यो, वा नेगेटिभलाई प्रहार गर्यो, र त्यहाँ यो भयो।" र उहाँले भन्नुभयो...

273 मैले यो तिनीहरुलाई दिए। उहाँले भन्नुभयो, "ओ, श्रीमान, तपाई थाहा छ यसको मूल्य के हो?"

र मैले भने, “मलाई होइन, भाई, मलाई होइन।” त्यसैले उहाँले भन्नुभयो…

274 “अवश्य पनि, यो तपाई बाँचिरहेको बेला प्रभावमा आउँदैन, तर कुनै दिन, यदि सव्यता अघि बढ्यो भने र ईसाइत्व रह्यो भने, त्यहाँ यसको बारेमा केहि कुरा हुनेछ।”

275 त्यसैले, मित्रहरु, आज राति, यदि यो सभा नै पृथ्वीमा हाम्रो अन्तिम हो भने, तपाई र म सर्वशक्तिमान परमेश्वरको उपस्थितिमा बसेका छौ। मेरो गवाहि सत्य हो। धेरै, धेरै कुराहरु, यो लेख्नको लागि धेरै पुस्तकहरुको मात्रा लाग्छ, तर म तपाईले यो जानेको चाहन्छु।

276 त्यहाँ कतिजना हुनुहुन्छ जोसंग वास्तवमै, तस्बिर छैन, देख्नुभयो कि ज्योति आफै वरपर उभिदै थियो जहाँ म प्रचार गरिरहेको थिए? तपाईको हातहरु उठाउनुहोस्, पूरा भवन भेरी, जो कहिले यसलाई कहिल्यै देख्नुभएको छ भने। हेर्नुहोस्, लगभग आठ या दसओटा हातहरु जो यहाँ बसिरहनुभएको छ।

277 तपाई भन्नुहुन्छ, “के—के तिनीहरुले यो देख्नसक्छन् र मैले यो देख्न सक्दिन?” हो, श्रीमान।

278 त्यो—त्यो तारा जसलाई ज्योतिषीहरुले पछ्याईरहेका थिए, सबै उपरिक्षकलाई नाघ्दै गए। तिनीहरुले बाहेक अरु कसैले पनि देखेनन्। तिनीहरु मात्रै एक थिए जसले यो देखेका थिए।

279 एलिया त्यहाँ उभिरहेका थिए ती सबै रथहरु, र अरु सबैकुराहरु हेरिरहेका थिए। र गेहजीले चारैतिर हेरे, उसले त्यसलाई कहिँ पनि देख्न सकेन। परमेश्वरले भन्नुभयो, “उसको आँखा खोलेदेऊ ताकी उसले देख्न सकोस्।” र त्यसपछि उनले देखे, बुझ्नुभयो। तर ऊ एक असल केटा थियो, त्यहाँ वरिपरी हेर्दै थियो, तर उसले यो देख्न सकेन। निश्चय नै। यो कसैलाई देख्नको निम्ति दिइन्छ, र केहिको लागि दिईदैन। र त्यो सत्य हो।

280 तर अब तपाईहरु जसले यो कहिल्यै देख्नुभएको छैन, यो कहिल्यै देख्नुभएको छैन, र तपाईहरु जसले आफ्नो प्राकृतिक आँखाले यो देख्नुभएको छ र तस्बिरमा कहिल्यै देख्नुभएको छैन, तैपनि जसले तस्बिर देख्नेहरुसंग तपाईको प्राकृतिक आँखाले देखेको भन्दा ठूलो प्रमाण छ।

किनभने, तपाईको प्राकृतिक आँखाले, गलत हुनसक्छ, यो दृष्टिको भ्रम हुनसक्छ। के त्यो सहि हो? तर त्यो दृष्टिको भ्रम होइन, त्यो सत्य हो, जहाँ वैज्ञाननिक अनुसन्धानले यो सत्य भएको प्रमाणित गर्छ। त्यसैले प्रभु येशूले यो गर्नुभएको हो।

"त्यसोभए तपाईले यो के हो भनि सोच्नुहुन्छ," तपाई भन्नुहुन्छ, "भाई ब्रन्हाम?"

281 म विश्वास गर्छु कि यो त्यहि आगोको खम्बा हो जसले इस्राएलको सन्तानलाई मिश्रबाट प्यालेसटाईनसम्म अगुवाई गरेर ल्याएको थियो। म विश्वास गर्छु कि यो उहि ज्योतिको दूत हो जो—जो झ्यालखानामा आउनुभयो र सन्त पत्रुस कहाँ आउनुभयो र उनलाई छुनुभयो, र अगाडि जानुभयो र ढोका खोलिदिनुभयो र उनलाई बाहिर उज्यालोमा राखिदिनुभयो। र म त्यो विश्वास गर्छु कि यो येशू ख्रीष्ट हिजो, आज, र सधैंभरि एकसमान हुनुहुन्छ। आमेन! उहाँ आज उहि येशू हुनुहुन्छ जो उहाँ हिजो हुनुहुन्थ्यो। उहाँ सधैंभरि एउटै येशू हुनुहुन्छ।

282 र म यसको बारेमा बोल्दै गर्दा, त्यो उहि ज्योति जुन त्यो तस्बिरमा छ... म अहिले उभेको ठाउँबाट दुई फिट पनि टाढा हुनुहुन्न जो अहिले उभिरहनु भएको छ। त्यो सहि हो। म मेरो—मेरो आँखाले यो देख्न सक्दिन, तर म जान्दछु कि उहाँ यहि उभिरहनुभएको छ। मलाई थाहा छ कि यो अहिले म भित्रै बसिरहनुभएको छ। ओ! यदि तपाईले सर्वशक्तिमान परमेश्वरले समात्नुभएको केवल भिन्नता थाहा पाउनसक्नु भयो भने, र चिजहरु कति फरक देख्न्थ्यो!

283 त्यो एउटा चुनौती हो, जो कोहिलाई। म कुनै विरामी मानिसहरुको लागि प्रार्थना गर्न जानेलावा थिईन, म एउटा प्रतिबद्धता गर्न जाँदैछु। तर मानिसहरुमा दर्शन झुण्डिरहेको छ। अँ–ह। परमेश्वरलाई यो थाहा छ। म कुनै प्रार्थनाको पंक्तिको बोलावट गर्न जानेछैन, म केवल तपाईलाई त्यहाँ बस्नलाई छोड्नेछु। तपाईहरु मध्ये कतिजनासंग एउटा प्रार्थनाको कार्ड छैन? तपाईहरुको हात हेरौ, जोसंग प्रार्थनाको कार्ड छैन, जो संग प्रार्थनाको कार्ड छैन।

284 अश्वेत महिला यहाँ बसिरहनुभएको छ, मैले तपाईको हात माथि उठेको देखे। के त्यो सत्य हो? मात्रै उठ्नुहोस् ताकी म तपाईलाई एक्ज मिनेटको लागि छुट्टाउन सकूँ। मलाई थाहा छैन पवित्र आत्माले के भन्नुहुनेछ, तर तपाईले मलाई एकदमै इमानदारीताका साथ हेर्दै हुनुहुन्छ। तपाईसंग प्रार्थनाको कार्ड छैन? यदि सर्वशक्तिमान परमेश्वरले मलाई तपाईको समस्या के छ सो बताईदिनुभयो भने...म यो केवल शुरू गर्नको लागि गर्दैछु, शुरू गर्नको लागि मात्रै। के तपाई मलाई विश्वास गर्नुहुन्छ...तपाईलाई थाहा छ त्यहाँ केहि छैन...त्यहाँ मेरो बारेमा राम्रो कुरा केहि पनि छैन। यदि तपाई विवाहित महिला हुनुहुन्छ भने, म तपाईको पति भन्दा केहि बढि होइन। म केवल एउटा मानिस हो। तर येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ, र उहाँले यी कुराहरु प्रमाणित गर्नको लागि उहाँको आत्मा पठाउनुभयो।

285 यदि परमेश्वरले मलाई तपाईसंग के समस्या छ भनिदिनुभयो (र तपाईलाई थाहा छ कि त्यहाँ कुनै उपाय नै छैन म तपाईसंग सपर्कमा हुनलाई), के तपाईले आफ्नो सम्पूर्ण हृदयले विश्वास गर्नुहुन्छ? [बहिनीले भाई ब्रन्हामसंग बोल्नुहुन्छ—सम्पा।] परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। तब तपाईको उच्च रक्तचापले तपाईलाई छोडेको छ। त्यहि नै तपाईसंग थियो। के त्यो सहि होइन? त्यसोभए बस्नुहोस्।

286 तपाईले केवल यो एक पटक विश्वास गर्नुहोस्! म कसैलाई यो विश्वास गर्न चुनौती दिन्छु।

287 यहाँ हेर्नुहोस्, म तपाईलाई केहि भन्छु। मार्था, प्रभु येशू कहाँ आउदै थिईन्। त्यो वरदान कहिल्यै पनि संचालन हुने थिएन...उहाँ के गर्न जाँदै हुनुहुन्छ भनि उहाँलाई पिताले देखाई सक्नु भएपछि। यो कहिल्यै पनि कार्यन्वयन हुने थिएन। तर उनले भनिन्, “प्रभु, म...यदि तपाई हुनु भईदिएको भए, मेरो भाई मर्ने थिएन।” भनिन्, “तर म जान्दछु कि अहिले पनि तपाईले परमेश्वरलाई जे केहि पनि माग्नुहुन्छ, परमेश्वरले त्यो तपाईलाई दिनुहुनेछ।”

288 उहाँले भन्नुभयो, “म पुनरुत्थान र जीवन हुँ, जसले मलाई विश्वास गर्छ त्यो मरे तापनि, जीवित उठ्नेछ। र जो जिउछ र ममाथि विश्वा गर्छ त्यो कहिल्यै मर्नेछैन। के तिमी यो विश्वास गर्छौ?”

289 उनले भनेको कुरा सुन्नुहोस्। उनले भनिन्, "हो, प्रभु। म विश्वास गर्छु कि तपाईले भन्नुभएको सबैकुरा सत्य हो। म विश्वास गर्छु कि तपाई परमेश्वरको पुत्र हुनुहुन्छ जो संसारमा आउन पर्ने थियो।" त्यो आउने तरिका हो, विनम्रतामा।

तपाईले फरक महसूस गर्नुहुन्छ, होइन र महिला? हो। त्यो सहि हो।

290 सानी महिला ठिक त्यहाँ बसिरहनुभएको छ, तपाईको छेउमा, पनि, गठिया र महिला समस्याबाट ग्रसित हुनुहुन्छ। के त्यो सहि हो, महिला? एक मिनेटको लागि उठ्नुहोस्, सानी महिला जो रातो लुगा लगाउनुभएको छ। तपाई धेरै नजिक हुनुहुन्थ्यो, दर्शन तपाईकहाँ आएको छ। गठिया, महिला समस्या। के त्यो सहि हो? र यहाँ तपाईको जीवनमा केहि छ (तपाईले—तपाईले एउटा असल सिधा नजर प्राप्त गर्नुभएको छ): तपाईको जीवनमा तपाईलाई धेरै चिन्ता छ, धेरै समस्याहरु। र त्यो समस्या तपाईले प्रेम गर्नुभएको मान्छेको हो, यो तपाईको पति हो। उहाँ पियक्कड हुनुहुन्छ। उहाँ मण्डली जानुहुन्न। यदि त्यो सहि हो भने, आफ्नो हात उठाउनुहोस्। परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्, महिला। अब घर जानुहोस् र तपाईको आशिष प्राप्त गर्नुहोस्। तपाई निको पारिनुभएको छ, तपाईको वरपर ज्योति बलेको छ।

291 उसको छेउमा बसेको मान्छे त्यहाँ। तपाई, श्रीमान, तपाई विश्वास गर्नुहुन्छ? [भाईले भन्नुहुन्छ, "हो। म गर्छु।"—सम्पा।] तपाईको सम्पूर्ण हृदयले? ["हो, श्रीमान।"] तपाईले तपाईको इन्द्रियहरु मध्ये एउटा गुमाउनुभएको छ। त्यो गन्धको इन्द्रिय हो। के त्यो सहि होइन? यदि यो हो भने, आफ्नो हात हल्लाउनुहोस्। ["त्यो सहि हो।"] तपाईको आफ्नो हात मुखसम्म राख्नुहोस्, *यसरी,* भन्नुहोस्, "प्रभु येशू, म तपाईलाई आफ्नो सम्पूर्ण हृदयले विश्वास गर्छु।" ["प्रभु येशू, म तपाईलाई आफ्नो सम्पूर्ण हृदयले विश्वास गर्छु।"] परमेश्वरले तपाईलाई आशिष दिनुभएको होस्। अब जानुहोस्। तपाईले आफ्नो चंगाई पाउनुहुनेछ।

292 परमेश्वरमा विश्वास राख्नुहोस्! तपाईहरु सबैले यसको बारेमा के सोच्नुहुन्छ, त्यहाँ पछाडि? के तपाई विश्वास गर्नुहुन्छ? आदरणीय हुनुहोस्!

293 त्यहाँ ठिक पछाडि एकजना महिला बसिरहनुभएको छ त्यहाँ कुनामा। म देख्नसक्छु कि त्यो ज्योति तपाई माथि झुण्डिरहेको छ। त्यो मात्रै तरिकाले म यसको बारेमा के छ भन्न सक्छु, त्यो ज्योति झुण्डिरहेको छ। *यो* ज्योति ठिक यहाँ महिलाको माथि झुण्डिरहेको छ। शायद केवल एक मिनेटमा, यदि यो के भनि मैले हेर्न पाए। यो तोडिने थियो...महिला एउटा—एउटा हृदयको समस्यामा हुनुहुन्छ। उहाँले ठिक मलाई हेरिरहनुभएको छ।

294 र उहाँको पति उहाँकै छेउमा बसिरहनुभएको छ। र उहाँको पतिलाई केहि रोग छ, उहाँ भर्खरै बिमार हुनुभएको छ, उदास, बिमार। के त्यो सहि होइन, श्रीमान? तपाईको हात उठाउनुहोस् यदि त्यो सत्य हो भने। त्यो सिह हो, यो तपाई हुनुहुन्छ, महिला, सानो गलबंधि लगाउनुभएको छ। महोदय, के त्यो सहि होइन? के तपाई आज एक प्रकारले निराश हुनुहुन्न? तपाईलाई तपाईको पेटमा दुखाई छ, पुरुष। त्यो सहि हो।

295 तपाईहरु सबै आफ्नो सम्पूर्ण हृदयले विश्वास गर्नुहोस्, तपाईहरु दुवैजना? तपाईहरु यो स्वीकार गर्नुहुन्छ? श्रीमान, म तपाईलाई भन्छु, तपाईलाई पनि, मैले तपाईलाई आफ्नो हात उठाएको देख्छु, धुम्रपान गर्ने बानी। त्यो गर्न बन्द गरिदिनुहोस्। तपाई चुरोट पिउनुहुन्छ, तपाईले त्यो गर्नुहुदैन, तपाईलाई बिमार बनाउँछ। के त्यो सहि होइन र? यदि यो हो भने, तपाईको हात यसरी हल्लाउनुहोस्। त्यसैले नै हो तपाईलाई दुखाईरहेको। यो तपाईको नशाको लागि खराब हो। नराम्रो कुरा फालिदिनुहोस् र फेरी त्यसो नगर्नुहोस्, र तपाईले त्यसबाट छुटकारा पाउनुहुनेछ र ठिक हुनुहुनेछ, र तपाईकि पत्नीको हृदयको समस्याले उनलाई छोड्नेछ। तपाई त्यो विश्वास गर्नुहुन्छ? के त्यो सहि होइन? म तपाईलाई यहाँबाट देख्न सक्दिन, र त्यो तपाईलाई थाहा छ, तर तपाईले चुरोट बोकी नै राख्नुभएको छ...तपाई—तपाईको अगाडिको गोजी भित्र। त्यो सहि हो। चुरोट बाहिर राखिदिनुहोस् र आफ्नो हात पत्नीको हातमा राख्नुहोस्, परमेश्वरलाई भन्नुहोस कि तपाईले त्यस्ता सामानहरुबाट बाहिर हुनुहुन्छ, तपाई निको भएर घर जानुहुनेछ, तपाई र तपाईकि श्रीमती निको हुनुहुनेछ। प्रभु येशूको नाउँ धन्यको होस्!

तपाई आफ्नो सम्पूर्ण हृदयले विश्वास गर्नुहुन्छ?

296 यहाँ बसिरहेकी सानी केटि जसले मलाई हेर्दैछिन्। तपाई...त्यहाँ अगाडिको कुर्सीमा, ठिक यहाँनिर बसिरहनुभएको। एउटा सानी केटि... मलाई हेरिरहनुभएको, ठिक त्यहाँनिर बसिरहनुभएको। तपाईसंग छैन... तपाईसंग एउटा प्रार्थनाको कार्ड छ, महिला, ठिक यहाँ? तपाईसंग कुनै प्रार्थनाको कार्ड छैन? के तपाई आफ्नो सम्पूर्ण हृदयले विश्वास गर्नुहुन्छ? तपाई विश्वास गर्नुहुन्छ कि तपाईलाई येशू ख्रीष्टले निको पार्न सक्नुहुन्छ?

297 यसको बारेमा तपाई के सोच्नुहुन्छ, तपाई जो उनको छेउमा बसिरहनुभएको छ? के तपाईसंग प्रार्थनाको कार्ड छ, महिला? तपाईसंग छैन? तपाई पनि, निको हुन चाहनुहुन्छ? के तपाई फेरी गएर राम्ररी खान चाहनुहुन्न जसरी तपाईले पहिले गर्नुहुन्थ्यो, पेटको समस्या सकिएको चाहनुहुन्न? के तपाई विश्वास गर्नुहुन्छ कि येशूले अहिले तपाईलाई निको पर्नुहुन्छ? उभिनुहोस् यदि तपाई विश्वास गर्नुहुन्छ कि येशू ख्रीष्टले तपाईलाई निको पार्नुभएको छ भनि। तपाईलाई पेटमा अल्सर छ, होइन र? यो एक स्नायुको अवस्थाले भएको हो। तपाई लामो समय देखि चिन्तित हुनुहुन्छ। विशेष गरी एसिड र त्यस्तै कुरा, वा मेरो मतलब एसिड बनाउँछ, र जब तपाई आफ्नो खाना मुखमा हाल्नुहुन्छ तब दाँत संवेदानशील बनाउँछ। त्यो सत्य हो। हो, श्रीमान। यो पेप्टिक अल्सर हो, यो तपाईको पेटको तल पट्टि थियो। यो खाँदाकेहि जलन हुने गर्छ विशेषगरी मक्खनसंग रोटि खाँदा। त्यो ठिक हो? मैले तपाईको दिमाग पढिरहेको छैन, तर पवित्र आत्मा गलत हुनुहुन्न। तपाई अहिले निको हुनुभएको छ। घर जानुहोस्, निको हुनुहोस्।

298 तपाई पछाडि यो दिशानिर के छ? केहि तपाईहरु जो प्रार्थना कार्ड बिना हुनुहुन्छ, आफ्नो हात उठाउनुहोस्। कोहि प्रार्थनाको कार्ड बिना हुनुहुन्छ। ठिक छ, शान्त हुनुहोस्, आफ्नो सम्पूर्ण हृदयले विश्वास गर्नुहोस्। माथि बालकनीमा के छ? परमेश्वरमा विश्वास राख्नुहोस्।

299 मैले आफैले यो गर्न सक्दिन, यो केवल उहाँको सार्वभौम अनुग्रह हो। के तपाई विश्वास गर्नुहुन्छ? उहाँले देखाउनुभएको मात्रै मैले भन्नसक्छु। तपाईको विश्वासको रूपमा...म त्यो तपाईको विश्वासलाई हल्लाउनको लागि भन्छु, त्यसपछि हेर्छु उहाँले मलाई कुन बाटो डोहोर्याउनुहुन्छ। के तपाईले यो—यो महसूस गर्नुहुन्न यो तपाईको भाई हो? तपाई उसको उपस्थितिमा उभिरहनुभएको छ। यो म होइन जसले यो गरिरहेको छ, यो तपाईको

विश्वासले यसलाई संचालन गरिरहेको हो। मैले यो संचालन गर्नसक्दिन। यो तपाईको विश्वासले गरिरहेको छ। मसंग यो कार्यन्वयन गर्ने कुनै तरिका छैन। केवल एक मिनेट।

300 यो कुनामा म एउटा अश्वेत पुरुष बसिरहेको देख्छु, एक प्रकारले वृद्धा हुनुहुन्छ, चस्मा लाएर बस्नुभएको छ। तपाईसंग प्रार्थनाको कार्ड छ, श्रीमान? एक मिनेटको लागि तपाईको आफ्नो खुट्टामा उभिनुहोस्। के म परमेश्वरको दास भएको तपाई विश्वास गर्नुहुन्छ, तपाईको सम्पूर्ण हृदयले? तपाई कसैको बारेमा सोचिरहनुभएको छ, होइन र? यदि त्यो सहि हो भने, आफ्नो हात हल्लाउनुहोस्। यो म भएको कारणले होइन, तपाईको भाई। अब, तपाईसंग प्रार्थनाको कार्ड छैन। तपाईलाई पंक्तिमा बस्ने कुनै तरिका हुनेछैन, किनकि तपाईले प्रार्थनाको कार्ड पाउनुभएको छैन। अब, यदि तपाईहरु मध्ये कसैले प्रार्थनाको कार्ड पाउनुभएको छ भने, न—न—नउठ्नुहोस्, किनकि तपाईसंग पंक्तिमा आउने मौका हुनेछ।

301 तर मैले त्यो ज्योति उहाँको माथि झुण्डिरहेको देख्छु। यो अझै पनि एउटा दर्शनमा तोडिएको छैन। म तपाईलाई निको पार्न सक्दिन, भाई, म सक्दिन। केवल परमेश्वरले त्यो गर्नसक्नुहुन्छ। तर तपाईको...तपाई...तपाईसंग विश्वास छ। तपाई विश्वास गरिरहनुभएको छ। र त्यहाँ केहि—केहि, यो—यसले गरेको छ, केहि तरिकामा।

302 यदि सर्वशक्तिमान परमेश्वरले यस मानिसलाई उहाँको समस्या केहि भन्नुहुन्छ भने, के बाकि रहेका तपाईहरुले आफ्नो चंगाई प्राप्त गर्नुहुनेछ? मबाट दश, पन्ध्र गज टाढा एकजना मानिस उभिएको छ, मैले उहाँलाई मेरो जीवनमा कहिल्यै देखेको छैन। उहाँ त्यहाँ उभिरहनुभएको मानिस मात्रै हुनुहुन्छ। यदि सर्वशक्तिमान परमेश्वरले त्यस मानिसमा के समस्या छ प्रकट गरिदिनुभयो भने, तपाईहरु सबैजना निको भएको व्यक्तिको रूपमा हिड्नुपर्छ। अरु बढि परमेश्वरले के गर्नसक्नुहुन्छ? के त्यो सहि हो?

303 श्रीमान, यो तपाईमा केहि समस्या छैन। तपाई कमजोर हुनुहुन्छ, राति अलि अलि उठ्नुहुन्छ, प्रोस्टेट र त्यस्तै छ, तर त्यो तपाईको समस्या होइन। तपाईको समस्या तपाईको केटासंग सम्बन्धित छ। र तपाईको केटा कुनै प्रकारको राज्यको संस्थानमा छ, र उसमा दोहोरो व्यक्तित्व छ। के

त्यो सहि हो? त्यो सहि हो भने आफ्नो हात हल्लाउनुहोस्। त्यो एकदम सहि हो।

304 कतिजनाले विश्वास गर्नुहुन्छ कि परमेश्वरको पुत्र येशू ख्रीष्ट यहाँ उभिरहनुभएको छ? हामी उठौ र प्रशंसा चढाऔ र चंगाई प्राप्त गरौ।

305 सर्वशक्तिमान परमेश्वर, जीवनको अधिकारी, असल वरदान दिनुहुने दाता, तपाई यहाँ हुनुहुन्छ, उहि प्रभु येशू ख्रीष्ट, हिजो, आज, र सधैंभरि एकसमान।

306 र, शैतान, तैले यी मानिसहरुलाई लामो समय देखि छल गरेको छस्, तिनीहरुबाट बाहिर निस्की! म तलाई जीवित परमेश्वरको शपथ दिन्छु जसको उपस्थिति यहाँ अहिले एउटा आगोको खम्बाको रूपमा छ, यी मानिसहरुलाई छोडिदे! र तिनीहरुबाट बाहिर निस्की, येशू ख्रीष्टको नाममा!

307 तपाईहरु सबैले आफ्नो हातहरु उठाउनुहोस् र परमेश्वरको प्रशंसा गर्नुहोस्, र तपाईको चंगाई प्राप्त गर्नुहोस्, सबैजना।

***ममा कसरी स्वर्गदूत, र उहाँको आज्ञा आयो*** NEP55-0117

(How The Angel Came To Me, And His Commission)

यो संदेश भाई विलियम म्यारियन ब्रन्हामद्वारा मूल रूपमा अंग्रेजीमा सोमबार साँझ, जनवरी १७, १९५५, लेन टेक हाई स्कूल सिकागोमा, इल्लीनोइस, यु.एस.ए मा प्रचार गरिएको थियो। यो प्रवचन चुम्बकीय टेप रेकर्डिङ्गबाट लिईएर अंग्रेजीमा कुनै काँट-छाँट नगरी छापिएको छ। यो नेपाली अनुवाद वोईस अफ गड रेकर्डिङ्गद्वारा छाप्ने र वितरण गर्ने गरिएको छ।

NEPALI

©2022 VGR, ALL RIGHTS RESERVED

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org

## Copyright notice

All rights reserved. This book may be printed on a home printer for personal use or to be given out, free of charge, as a tool to spread the Gospel of Jesus Christ. This book cannot be sold, reproduced on a large scale, posted on a website, stored in a retrieval system, translated into other languages, or used for soliciting funds without the express written permission of Voice Of God Recordings®.

For more information or for other available material, please contact:



Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org